"स्वच्छ रोहिणी समृद्ध रोहिणी"

रोहिणी गाउँपालिकाको

वार्षिक विकास योजना

(आ.व. २०८१/०८२ को नीति, कार्यक्रम तथा बजेट)



रोहिणी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

धकधई, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल

E-mail : rohinigaupalika1@gmail.com

रोहिणी गाउँपालिकाका नवनिर्वाचित पदाधिकारीहरू



विद्याप्रसाद यादव
अध्यक्ष
९८५७०१८१८१



शिवकान्ती चमार
उपाध्यक्ष
९८५७०१८१८२



राकेश कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत
९८५७०१७०७९



आविद अलि पठान
वडा अध्यक्ष-१
९८५७०१८१८३



करम हुसेन खान
वडा अध्यक्ष-२
९८५७०१८१८४



वीर बहादुर क्षेत्री
वडा अध्यक्ष-३
९८५७०१८१८५



तारानाथ यादव
वडा अध्यक्ष-४
९८५७०१८१८६



घनश्याम सिंह क्षेत्री
वडा अध्यक्ष-५
९८५७०१८१८७



इन्द्रमान चौधरी थारु
वडा अध्यक्ष-६
९८५७०१८१८८



अन्नान अहमद भाट
वडा अध्यक्ष-७
९८५७०१८१८९



जानकी हरिजन
कार्यपालिका सदस्य
९८५७०१८१९०



कविता देवी गौड
कार्यपालिका सदस्य
९८५७०१८१९१



सुवुहुन निसा फकिर
कार्यपालिका सदस्य
९८५७०१८१९२



रेखा हरिजन
कार्यपालिका सदस्य
९८५७०१८१९३



निरज हरिजन
कार्यपालिका सदस्य
९८५७०१८१९५



नियामत अलि नाउँ
कार्यपालिका सदस्य
९८५७०१८१९४

"स्वच्छ रोहिणी समृद्ध रोहिणी"

रोहिणी गाउँपालिकाको

वार्षिक विकास योजना

(आ.व. २०८१/०८२ को नीति, कार्यक्रम तथा बजेट)

रोहिणी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

धकधई, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल

E-mail : rohinigaupalika1@gmail.com

रोहिणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धकधई, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल



शुभकामना मन्तव्य

नेपाल राज्यको पुनः संरचना सँगै मुलुक संघीय शासन प्रणालीमा गई कार्यान्वयनकै चरणमा छ। संघ, प्रदेश र स्थानीय सरकार गरी तीन तहको सरकारको रुपमा समृद्ध देश निर्माणमा जुटेको अवस्था छ। जनताले प्रत्यक्ष देख्न र भेट्न सक्ने आशा र भरोसाको केन्द्र विन्दु स्थानीय सरकार नै भएको र जनताका दैनिक सेवा प्रवाहका कामहरुसँगै विकास निर्माणका कामहरु स्थानीय सरकारले सम्पादन गर्दै आएको छ। यस रोहिणी गाउँपालिकावासीहरुको अमूल्य मतबाट निर्वाचित भई म लगायत सम्पूर्ण निर्वाचित पदाधिकारीहरुको पद वहाली पश्चात् स्थानीय जनताहरूको सहभागीतामा आफैले चुनेका जनप्रतिनिधीहरुबाट स्थानीय तहको योजना तर्जुमा कार्यन्वयन, अनुगमन र योजनाहरुलाई स्थायीत्व प्रदान गर्नेतर्फ अग्रसर भएको अवस्था छ। सोही अनुसार स्थानीय तहको दोस्रो निर्वाचन पश्चात् दोस्रो आर्थिक वर्षका नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको चरणमा छौं। म लगायत समग्र गाउँपालिकाको टिमले गरेका कामको मूल्यांकन र सकरात्मक सुझाव सल्लाहको लागि रोहिणी गाउँपालिका निवासीहरुमा अनुरोध गर्दै आगामी दिनमा अझ राम्रोसँग काम गर्न हामी तत्पर हुने विश्वास व्यक्त गर्दछु।

रोहिणी गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ को लागि नीति तथा कार्यक्रम योजना तर्जुमा गर्ने कार्य वडा भेला गरी विभिन्न समुदाय, राजनीतिज्ञ, समाज सेवी लगायत सरोकारवालाको राय सुझाव समेतका आधारमा वडा समिति हुँदै योजना तथा कार्यक्रमहरु तेह्रौं गाउँसभाबाट पारित गरिएको छ। यो वार्षिक कार्यक्रमको पुस्तिका तयार पारिएकोमा मलाई अत्यन्त खुशी लागेको छ। यसको प्रभावकारी कार्यान्वयन हुन सकेमा मात्र त्यसको सार्थकता हाँसिल गर्न सकिन्छ। रोहिणी गाउँपालिकाबाट तयार गरिएको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम बजेट कार्यान्वयनमा निर्वाचित सम्पूर्ण पदाधिकारी, रोहिणी गाउँपालिकावासी, प्रमुख प्रशासकीय अधिकृत, सबै बिषयगत शाखाका प्रमुखहरु, कर्मचारीहरु टोल विकास संस्थाहरु, शिक्षक, बुद्धीजीवी, समाज सेवी लगायत सरोकारवालाहरुबाट सहयोगको अपेक्षा गर्दछु।

अन्तमा, यस गाउँपालिकाको आ.व.२०८१/०८२ को योजना तर्जुमा नीति तथा कार्यक्रम र बजेट निर्माण कार्यमा रातदिन खटिइनु हुने उपाध्यक्ष, वडाध्यक्षहरु, अन्य जनप्रतिनिधीहरु, प्रमुख प्रशासकिय अधिकृत लगायत कर्मचारी, टोल र गाउँपालिकावासीमा यस गाउँपालिकाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दै रोहिणी गाउँपालिका रुपन्देहीले अगाडि सारेका विकास योजना तथा कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन हुन सकुन् भनि शुभकामना ब्यक्त गर्दछु।

विद्या प्रसाद यादव
अध्यक्ष
रोहिणी गाउँपालिका, रूपन्देही

रोहिणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धकधई, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल



शुभकामना मन्तव्य

स्थानीय तहको निर्वाचन पश्चात् स्थानीय तहको विकासका लागि आफ्नो आवश्यकता आफै पहिचान गर्ने श्रोत साधन जुटाउने र समस्याको सामाधान आफै गर्ने परिपाटीको व्यवस्थाको रुपमा स्थानीय सरकार गठन भईसकेको छ। त्यही अर्न्तगत हामी जनप्रतिनिधीहरू रहेका छौं। नेपालको संविधानले समानुपातिक, समावेशी र सहभागीतामूलक सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प प्रस्तावना गरेको छ। नेपाली महिलाहरुको सहभागीताको अधिकार को सुनिश्चितताका निम्ति अवश्य नै संवैधानिक र कानुनी रुपमा विशेष अर्थ राख्छ। यसै सँग सम्बन्धित रही हरेक क्रियाकलापमा महिला सहभागीताको सुनिश्चितता र प्रतिनिधित्वको आवश्यकता छ। स्थानीय सरकारप्रति जनताका असिमित आवश्यकता र चहना छन्। त्यो हुनु पनि स्वभाविक हो।

सीमित श्रोत साधनका बीच स्थानीय तहका विकासका नयाँ सम्भावनाहरुलाई उजागर गर्दै स्थानीय तहको विकासमा जोड दिदै जानु, समाजलाई परिवर्तन विकाशमुखी बनाउँदै जानु अहिलेको मुख्य आवश्यकता हो। सोही अनुरुप जनपरि चालन, जनसहभागितामा अभिवृद्धि, जनतामा विकास प्रतिको अपनत्व र जिम्मेवारी बोध गराउने गरी यस आर्थिक वर्ष २०८१/०८२ को बजेटमा महिला, आदिवासी जनजाती, दलित, अपाङ्ग, पिछडावर्ग सिमान्तकृत समुदाय, कृषक जस्ता वर्ग समुदायलाई सिपमूलक तालिम, आयमूलक कार्यक्रम र प्रोत्साहनमूलक कार्यक्रमलाई समेट्ने प्रयत्न गरेका छौं। तेह्रौं गाँउसभाबाट स्वीकृत गरेको बजेटले जनताका अधिकतम आवश्यकतालाई सम्बोधन गर्ने प्रयास गरेको छ। यो बजेट तथा कार्यक्रमले यस गाउँपालिकाका सबै क्षेत्र वर्ग र समुदायको विकास निर्माणको अपेक्षालाई केही हदसम्म सम्बोधन गर्न सक्नेछ भन्ने विश्वास गरेको छु।

अन्त्यमा बजेट कार्यान्वयनमा गाउँपालिकावासिले सधैं हामीलाई सकरात्मक सहयोग र खबरदारी गर्नुहुनेछ भन्ने अपेक्षा राख्दै बजेट निर्माणमा अहोरात्र खटिनुहुने गा.पा. अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरु, जनप्रतिनिधी तथा कर्मचारीहरु लगायत सम्पूर्ण गाउँपालिकावासी प्रति कृतज्ञता ज्ञापन गर्दछु।

शिवकान्ति हरिजन
उपाध्यक्ष
रोहिणी गाउँपालिका, रूपन्देही

विषयसूची

क्र.सं.	शिर्षक	पेज नं.
१	रोहिणी गाउँपालिकाको संक्षिप्त परिचय	१
२	आ.व. २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम	४
३	आ.व. २०८१/८२ को बजेट बक्तव्य	१५
४	रोहिणी गाउँपालिकाको "आर्थिक ऐन, २०८१"	२२
५	रोहिणी गाउँपालिकाको "विनियोजन ऐन, २०८१"	५०
६	आय/व्यय अनुमान अनुसूची-१	५२
७	आय/व्यय अनुमान अनुसूची-२	५९
८	रोहिणी गाउँपालिकाको आ.व. २०८१/०८२ को योजना/कार्यक्रमहरु	६२
९	खर्चको मापदण्ड	१२२
१०	गाउँ सभामा उपस्थिति विवरण	१२३
११	स्थानीय तहका पदाधिकारीहरुको विवरण	१२६
१२	रोहिणी गाउँपालिकामा कार्यरत कर्मचारीहरूको विवरण	१२८
१३	रोहिणी गाउँपालिका भित्र सञ्चालित सामुदायिक, मदरसा तथा संस्थागत विद्यालयहरु तथा प्रधानाध्यापकहरुको विवरण	१३१
१४	रोहिणी गाउँपालिका गाउँ शिक्षा समिति विवरण	१३४

रोहिणी गाउँपालिकाको संक्षिप्त परिचय

गाउँपालिकाको नाम : रोहिणी गाउँपालिका, रूपन्देही
गाउँपालिकाको केन्द्र : धकधई
वडा संख्या : ७
जिल्ला : रूपन्देही
प्रदेश : लुम्बिनी
क्षेत्रफल : ६४.६२ वर्ग किलोमिटर
अक्षांश : २७ डिग्री २८' १०" देखि २७ डिग्री ३१' ५८"
देशान्तर : ८३ डिग्री २७' ५७" देखि ८३ डिग्री ३७' ०"
सिमाना : पूर्वमा : नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)जिल्लाको रामग्राम नगरपालिका र पाल्हीनन्दन गाउँपालिका।
पश्चिममा : सिद्धार्थनगर नगरपालिका।
उत्तरमा : ओमसतिया गाउँपालिका।
दक्षिणमा : भारत
उचाई : समुद्र सतहबाट तल्लो सतह ७६ मिटर देखि माथिल्लो सतह १२६ मिटरसम्म।
मुख्य नदी, खोला : रोहिणी नदी, बगेना महाउ खोला, भचना नाला।

शैक्षिक संस्थाहरू

विवरण	सामुदायिक माध्यमिक विद्यालय	धार्मिक विद्यालय (मदरसा)	निजी विद्यालय	जम्मा
आधारभूत तह (बाल विकास-५)	४	१०	३	१७
आधारभूत तह (बाल विकास-८)	४	२	४	१०
मा.वि (बाल विकास-१०)	३	१	१	५
मा.वि. (बाल विकास-१२)	४		३	७
क्याम्पस	-	-	-	-
जम्मा	**१५**	**१३**	**११**	**३९**

स्वास्थ्य संस्थाहरू

१. धकधई प्राथमिक स्वास्थ्य केन्द्र वडा नं. ३
२. बगाहा स्वास्थ्य चौकी वडा नं. १
३. पोखरभिण्डी स्वास्थ्य चौकी वडा नं. २
४. पजरकट्टी स्वास्थ्य चौकी वडा नं. ७
५. बोदरबार स्वास्थ्य चौकी वडा नं. ५
६. छिपागढ स्वास्थ्य चौकी वडा नं. ४

बर्थिङ्ग सेन्टर संचालन भएका स्वास्थ्य संस्थाहरू- (धकधई प्राथमिक स्वास्थ्य केन्द्र, बगाहा स्वास्थ्य चौकी र बोदरबार स्वास्थ्य चौकी)

२०७८ सालको जनगणना अनुसार जनसंख्या विवरण

वडा नं.	समावेश भएका साविक गाविसहरू	साविक वडा नं.	जनसंख्या	महिला	पुरुष	क्षेत्रफल वर्ग कि.मि.
१	बगाहा	१-९	६३७२	३१४९	३२२३	८.२१
२	पोखरभिण्डी	१-९	७५७८	३७५०	३८२८	१०.४७
३	धकधई	१-९	८५८०	४२२५	४३५५	१२.१२
४	छिपागढ	१-९	५९१९	२९६१	२९५८	१०.७२
५	बोदरवार	३, ७	४५५४	२२७०	२२८४	६.९९
६	बोदरवार	१, २, ८, ९	५०९५	२२५०	२५४५	८.७६
७	पजरकट्टी	१-९	५२२९	२२५७	२६७२	७.३६
जम्मा			**४३३२७**	**२१४६२**	**२१८६५**	**६४.६२**

जातजाती अनुसार जनसंख्या विवरण

सि.नं.	जात	जनसंख्या	प्रतिशत
१	मुसलमान	१०१७३	२३.५
२	यादव	६६७२	१५.४
३	चमार	४७९१	११.१
४	थारु	३६८३	८.५
५	केवट	२४५६	५.७
६	कहर	१४५४	३.४
७	कुर्मी	१३४८	३.१
८	धोवी	११९८	२.८
९	तेली	११७६	२.७
१०	बह्मण तराई	११११	२.६
११	अन्य	९२६५	२१.२
	जम्मा	४३३२७	१००

धर्म अनुसार जनसंख्या विवरण

सि.नं.	धर्म	जनसंख्या	प्रतिशत
१	हिन्दु	३२७३३	७५.५

२	बौद्ध	५८	०.१
३	इस्लाम	१०४६३	२४.१
४	क्रिश्चयन	७३	०.३
	जम्मा	४३३२७	१००

मातृभाषा अनुसार जनसंख्या विवरण

सि.नं.	मातृभाषा	जनसंख्या	प्रतिशत
१	भोजपुरी	३०२८५	६९.९०
२	अवधि	९९५७	२२.९८
३	थारु	१४२१	३.२८
४	नेपाली	१०२८	२.३७
५	उर्दु	४१९	०.९७
६	हिन्दी	८६	०.२०
७	अन्य	१३१	०.३०
	जम्मा	४३३२७	१००

हाम्रो अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, बसाईसराई, विवाह, समबन्ध विच्छेद) दर्ता समयमै गर्नुहोस् ।
- आफ्नो टोल, बस्ती सफा राख्नुहोस् वातावरण संरक्षण गर्न सार्वजनिक स्थल, पर्ति जग्गा, वनमा वृक्षरोपण गरी जथाभावी नव फडानी नगरौं ।
- सार्वजनिक सम्पत्ति (सरकारी कार्यालय, विद्यालय, सामुदायिक भवन, अस्पताल, स्वास्थ्य चौकी, ऐतिहासिक धरोहरहरू, पार्क, खेलकुद मैदान, आदी संरक्षण र सफा राखौं ।
- गाउँपालिकाको निर्धारण गरेका कर, शुल्कहरू समयमै बुझाउँ ।
- छोरा छोरीलाई समान व्यवहार गरौं, बालबालिकालाई अनिवार्य रूपमा विद्यालय पठाऔं ।
- कोभिड-१९ को जोखिमबाट बच्न स्वास्थ्य मापदण्ड अपनाऔं । घरबाट बाहिर निस्कनु परेमा नाक, मुख राम्रोसँग छोपिने गरी माक्स लगाऔं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या देखिएमा नजिकको स्वास्थ्य संस्थामा तुरुन्तै सम्पर्क राखौं ।
- गर्भवती, अपाङ्ग, वृद्धि असहाय व्यक्तिहरूको संरक्षण, सम्मान तथा आदर गरी सभ्य नागरिक बनौं ।

रोहिणी गाउँपालिका रूपन्देहीको
आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम

सभाका अध्यक्षज्यू, सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू, सुरक्षाकर्मीहरू, पत्रकारहरू,

रोहिणी गाउँसभाको गरिमामय गाउँसभामा आर्थिक वर्ष २०८१।८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु। यस गौरवमय सभामा उपस्थित भई नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर प्रदान गर्नुहुने सम्पूर्ण रोहिणीवासी आमाबुवा दाजुभाई तथा दिदि बहिनीहरुमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु। गाउँ सभाका सम्पूर्ण सदस्यज्यूहरुलाई हार्दिक बधाई सहित सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु। गाउँसभालाई सम्बोधन गरिरहँदा म संघीय शासन प्रणाली र समाजबाद उन्मुख लोकतान्त्रिक गणतन्त्रात्मक राज्य स्थापनाका लागि पटक-पटक भएका आन्दोलन र संघर्षहरुमा सहादत प्राप्त गर्ने सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरुप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धि मार्फत समाजवाद उन्मूख अर्थतन्त्रको विकास गर्ने संवैधानिक मार्गदर्शन अनुरुप नयाँ संरचनाको रुपमा स्थापित स्थानीय सरकारले नीति तथा कानुन निर्माण संस्थागत तथा संरचनागत प्रवन्ध जनशक्ति व्यवस्थापन विकास व्यवस्थापन सेवा प्रवाह तथा सुशासन प्रवर्द्धन लगायतका क्षेत्रमा विभिन्न उपलब्धि हासिल गर्नको लागि हाम्रो रोहिणी राम्रो रोहिणीको दीर्घकालीन सोच र लक्ष्य प्राप्त गर्ने दिशामा हामी अगाडि बढेका छौं।

रोहिणी गाउँपालिकाले आपसी सम्वाद, समन्वय, सहमति र सहकार्य मार्फत शासन सञ्चालन विकास व्यवस्थापन र सेवा प्रवाहमा सुधारको बाटो अवलम्बन गर्ने प्रतिवद्धता व्यक्त गर्दछ।

नेपालको संविधानका अनुसूचि -८ का अधिकार सूचि, कार्यविस्तृतीकरण प्रतिवेदन, दिगो विकासका लक्ष्यहरु संघीय र प्रदेश सरकारका नीति, योजना कार्यक्रम तथा आधार र मापदण्ड बमोजिम यस गाउँपालिकाको नीति तर्जुमा गरिएको छ। वडास्तर वाटै योजना तर्जुमा कार्यशाला सञ्चालन गरी योजना निर्माणका आधार प्रस्तुत गरेर नीति निर्माणमा सहभागितामुलक पद्दति अवलम्वन गरिएको छ।

गाउँपालिकामा शासकीय प्रवन्ध, सेवाप्रवाह र विकास निर्माणका लागि आवश्यक पर्ने धेरै कानूनहरु निर्माण भईसकेका छन। हाल सम्म २३ ऐन, ५ नियमावली, २५ कार्यविधि र ७ निर्देशिका/नम्सहरु गरि जम्मा ६० कानुन तयार भई कार्यान्वयनमा आईसकेका छन्। यस गाउँपालिकाका सबै कानूनका साथै संघीय सरकार र प्रदेश सरकारकासम्पूर्ण नीति तथा कानूनहरुको कार्यान्वयन गरि गराई विधीको शासनको प्रत्याभूति गर्ने- गराउने नीति अवलम्बन गरिनेछ।

स्वच्छ रोहिणी समृद्ध रोहिणी भन्ने दीर्घकालिन सोच सहित आ.व.२०८१।८२ को गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

क) आर्थिक विकास:-

१. कृषिलाई आद्युनिकीकरण, व्यवसायीकरण तथा बजारीकरण गर्न अभिप्रेरित गरिनेछ। व्यवसायिक तथा साना कृषकहरूलाई अनुदानको ब्यवस्था गरिनेछ।
२. गाउँपालिका क्षेत्रभित्र उत्पादन गर्न सकिने कृषिजन्य, तरकारीजन्य, फलफुल, मासुजन्य तथा

दूधजन्य वस्तुहरुमा गाउँपालिकालाई आत्मनिर्भर र व्यवसायिक वनाउन विशेष कार्यक्रम संचालन गरिनेछ।

३. खुल्ला मासु विक्रिवितरण परिपाटिको अन्त्य गरी स्वस्थ मासु विक्रि-वितरणको लागि आवश्यक व्यवस्था मिलाईनेछ।

४. कृषि पेशालाई सम्मानित र व्यवसायिक वनाइ कृषिमा आधारित जनताको जीवनस्तर सुधार गर्न कृषकहरुको तथ्याङ्क संकलन गरी निश्चित मापदण्डको आधारमा कृषकको वर्गीकरण गरी कृषक परिचयपत्र वितरण गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

५. कृषि उपज तथा कृषिजन्य उत्पादनमा वृद्धि गर्न सिञ्चाई सुविधा प्रवर्धन गर्ने नीति अबलम्बन गरिनेछ।

६. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत ब्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिने छ।

७. व्यवसायीक किसानहरूलाई वजारीकरण र उद्यमशिलता सम्वन्धी क्षमता विकास गरिनेछ।

८. व्यवसायिक पशुपालक कृषकलाई उत्पादन बढाउनको लागि यान्त्रिकरण र मेसिनरी औजार लगायतका समान अनुदानमा उपलब्ध गराईनेछ।

९. दीर्घकालिन कृषि योजनाले अवलम्बन गरेका नीतिहरुका आधारमा खाद्यान्यवाली, नगदेवाली, तेलहनवाली, दलहनवाली, च्याउखेती, व्यवसायिक तरकारी खेती, माछापालन, कुखुरापालन तथा पशुपालनको लागि नश्ल सुधार तथा धान र गहुँ वालीको पकेट क्षेत्रको रूपमा विकास गर्न संघीय र प्रदेश सरकारको समेत सहयोगमा गाउँपालिकाले प्राथमिकता दिनेछ।

१०. कृषि विकास र उत्पादन वृद्धिका लागि सिञ्चाई सुविधा अभिवृद्धि हुने सबै सम्भावित कार्यमा गाउँपालिकाले आवश्यक सहयोग गर्नेछ।

११. संघीय सरकारको सहयोगमा माछाको पकेट क्षेत्र विकास र विस्तारको लागि किसानलाई अभिप्रेरित गरिनेछ।

१२. विदेशबाट फर्किएका तथा रोजगारीको खोजीमा रहेको सीपको विवरण समेत रोजगार सेवा केन्द्रमा अद्यावधिक गरी त्यस्तो जनशक्तिलाई स्थानीय तह भित्र उपलब्ध हुने निर्माण सेवा, व्यवसाय, उद्योग र कृषि लगायतका क्षेत्रका रोजगारदातासँग समन्वय गरी रोजगारी प्रदान गर्न सहजीकरण गर्ने व्यवस्था मिलाईनेछ।

१३. आर्थिक रुपले अति विपन्न श्रमिक तथा मजदुरलाई रोजगारी उपलब्ध गराउन श्रममुलक प्रविधीको प्रयोग गरी कार्यान्वयन गरिने आयोजनाहरु छनौटमा प्राथमिकता दिइने छ। प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरुलाई रोजगारिको अवसर प्रदान गरिनेछ।

१४. गाउँपालिका भित्र रहेका सम्पूर्ण मजदुरहरुको अभिलेख राख्ने व्यवस्था मिलाईनेछ र मजदुरहरुको स्वास्थ्य उपचार र उनीहरुका बालबालिकाकोशिक्षाको सुनिश्चितताको लागि कार्यविधि तयार गरी मजदुर हित तथा कल्याणकोषको व्यवस्था गरिनेछ। सोको लागि औद्योगिक व्यवसायीहरुसँग सहकार्य, समन्वय र सहयोगको वातावरण मिलाईनेछ।

१५. गाउँपालिकाभित्र रहेका ऐलानी, पर्ती, सार्वजनिक जग्गा, सार्वजनिक पोखरी, कुलो जस्ता सार्वजनिक महत्वका सम्पत्तिको नक्साङ्कन र सिमाङ्कन गरी संरक्षण गर्ने नीति अबलम्बन गरिनेछ।

१६. सहकारीका सात सिद्धान्तको अनुसरण गर्दै सहकारी संघ संस्थालाई प्रोत्साहन हुने किसिमका कार्यहरु संचालन गरि स्व-रोजगारलाई प्रवर्द्धन गरिनेछ। गाउँ- गाउँमा सहकारी घर घरमा रोजगारी राष्ट्रिय नीतिलाई आत्मासाथ गरि सहकारीको प्रवर्द्धन र आत्मनिर्भर कार्यक्रमलाई प्रोत्साहन गरिनेछ। सहकारीलाई तालिम प्राविधिक ज्ञान सीप सहितको क्षमता विकास गरिनेछ।

१७. यस गाउँपालिका क्षेत्रमा उद्योग, व्यवसाय र व्यापार संचालनमा गाउँपालिकाले सहयोगी र समन्वयकारी भूमिका निभाउने छ। रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगारहरुलाई निजी क्षेत्रबाट समेत रोजगारीको अवसर उपलब्ध गराई रोहिणी गाउँपालिकाभित्र सञ्चालित उद्योगहरुमा स्थानीयबासीको अपनत्व सृजना गर्न र रोजगारीको अवसरबाट जीवनस्तर उठाउन मद्दत गर्न उद्योगी व्यवसायीहरुसँग समन्वय र सहजीकरण गर्ने नीति अवलम्वन गरिनेछ। साथै उद्योगहरुलाई आवश्यक पर्ने सीपयुक्त जनशक्तिपूर्तिको लागि उद्योगहरुको सहकार्यमा सीपमुलक तालिमको व्यवस्थापन गरिनेछ।

१८. संघीय सरकार र प्रदेश सरकारको सहयोगमा रोहिणी गाउँपालिकाका पोखरीहरु सुन्दरीकरण गरि रमणीय वातावरणमैत्री पार्क, व्ययामशाला स्थापना र सञ्चालन गरि आन्तरिक पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ।

ख) सामाजिक विकास

स्वास्थ्य:

१९. धकधईमा १५ शैय्याको आधारभूत अस्पताल निर्माणको कार्य यसै वर्षबाट शुरु गरिनेछ।

२०. नेपाल सरकारको नीति अनुसार अत्यावश्क स्वास्थ्य सेवाको पहुँच एवं गुणस्तरीय सेवा प्रवाहका लागि स्वास्थ्य सेवा पूर्वाधार विकास र नेपाल सरकारले स्वास्थ्य संस्थाहरुमा निःशुल्क उपलब्ध गराउन तोकिएका औषधीहरुको अभाव हुन दिईने छैन।

२१. पिपरहवा स्वास्थ्य चौकीको निर्माण कार्य यसै आर्थिक वर्षमा सम्पन्न गरिनेछ।

२२. औषधी, औषधीजन्य सामग्री र उपकरण तथा स्वास्थ्य सुरक्षा सामग्रीहरुको खरिद प्रक्रियालाई प्रभावकारी व्यवस्थित र गुणस्तरीय बनाईनेछ।

२३. स्वास्थ्य सेवालाई प्रभावकारी र सहज बनाउन सबै स्वास्थ्य संस्थाहरुलाई व्यवस्थित रुपले सञ्चालन गरिनेछ। पुराना स्वास्थ्य संस्थाहरुका भवनहरु लाई प्रदेश सरकार र संघीय सरकारसँग अनुरोध गर्दै नयाँ ढाँचामा निर्माण गर्दै लगिनेछ।

२४. गाउँपालिकाद्वारा सञ्चालित एम्बुलेन्स सेवालाई प्रभावकारी बनाइनेछ। रोहिणी गाउँपालिकाबाट भैरहवासम्म जान र सबै स्वास्थ्य संस्थाबाट सुत्केरी पश्चात घरमा फर्कदा एम्बुलेन्स शुल्क नलाग्ने व्यवस्था मिलाईनेछ।

२५. अस्पताल, स्वास्थ्य चौकी तथा स्वास्थ्य इकाईबाट प्रदान गर्ने खोप सेवा, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, पोषण लगायतका जनस्वास्थ्य सेवाहरु र उपचारात्मक सेवाको लागि आवश्यक औषधी उपकरण तथा स्वास्थ्य सामाग्रीको अभाव हुन नदिइ उचित व्यवस्थापन गरिनेछ।

२६. मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका बिरामीलाई

औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ अनुसार विरामीलाई सहायता कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२७. खोप, सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, पोषण जस्ता जनस्वास्थ्यसँग सम्बन्धित आधारभुत सेवा सुविधालाई प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वयंसेविकालाई उत्प्रेरित गराई उचितरुपमा परिचालन गरिनेछ।

२८. आमा र शिशुको स्वास्थ्यलाई ध्यान राखि बर्थिङ्ग सेन्टर तथा अस्पतालमा सुरक्षित सुत्केरी गराउन प्रोत्साहन गर्ने र बर्थिङ्ग सेन्टर तथा अस्पतालमा प्रसुति गराइएका रोहिणी गाउँपालिका भित्र स्थायी बसोबास भएका सुत्केरी महिलालाई कार्यविधि बनाई श्रावण १ गते देखि नै कार्यान्वयन गर्ने गरी **उपाध्यक्ष सुत्केरी प्रोत्साहन कार्यक्रम** संचालन गरी पोषण सामाग्री उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२९. गाउँपालिकाका सबै वडा तथा टोलहरुलाई नियमित खोप सुनिश्चितताका लागि जनस्वास्थ्य कार्यालयसंगको समन्वयमा स्थानीय सामुदायिक संस्था, स्वास्थ्यकर्मी र महिला स्वयम् सेविकालाई अझ बढी क्रियाशिल बनाईदै लागिनेछ।

शिक्षा:-

३०. **"गुणस्तरीय शिक्षाको लागि विव्यस अध्यक्ष, प्रधानाध्यापक, विषयगत शिक्षक र विद्यार्थीहरूलाई लक्ष्य दिइनेछ। सबै विद्यालयहरूले कुल विद्यार्थी संख्याको कम्तीमा ५० प्रतिशत विद्यार्थी उत्तीर्ण गराउनका लागि कार्यसम्पादन करार सम्झैता गरिनेछ।** बालबालिकालाई विद्यालयमा अनिवार्य पठाउँ, सिकाउँ र टिकाउँ भन्ने अभियान सहित सामुदायिक तथा धार्मिक विद्यालयहरुमा भौतिक पूर्वाधार विकाससँगै गुणस्तर वृद्धिमा जोड दिइनेछ र राम्रो नतिजा ल्याउने विद्यालयहरुलाई क्रमशः पुरस्कृत तथा सम्मान गरिनेछ।

३१. शैक्षिक क्षेत्रलाई व्यवस्थित, प्रभावकारी, पारदर्शी र अनुमानयोग्य बनाउन तथा जनशक्ति व्यवस्थापन गर्न गाउँपालिकाको शिक्षा नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

३२. विद्यालयमा कार्यरत प्रशासन सहायकहरुका लागि मौजुदा तलब भत्तामा प्रतिमहिना रु. ३ हजारका दरले थप गरि उपलब्ध गराइनेछ।

३३. प्राविधिक शिक्षा आर्जन गरेका विद्यार्थीहरुले सहज रुपमा रोजगारी प्राप्त गर्न सक्ने सम्भावना रहेकोले संघ र प्रदेशको सहयोग र समन्वयमा प्राविधिक शिक्षाको विकास र बिस्तार गर्दै लगिनेछ।

३४. रोहिणी गाउँपालिकाको इतिहास, भूगोल, संस्कृति, चालचलन, रीतिरिवाज, भाषा, आर्थिक-सामाजिक, क्रियाकलाप र पर्यटकीय स्थल झल्किने गरी **स्थानीय पाठ्यक्रम निर्माण** गरी लागू गरिनेछ।

३५. सबै वर्गका बालबालिकाहरुको विद्यालयमा पहुँच स्थापित गर्दै शैक्षिक गुणस्तरको सुनिश्चितता प्रदान गरिनेछ। सबै विद्यालयहरुमा बालमैत्री भौतिक पूर्वाधार निर्माणमार्फत संस्थागत सक्षमता अभिबृद्धि गरिनेछ।

३६. प्रधानमन्त्री रोजगार कार्यक्रमसँग आवद्ध गरी सबै सामूदायिक विद्यालयहरुलाई कलरकोड लागु गरी रंगरोगन गरिनेछ।

३७. शिक्षकहरुको क्षमता विकास गर्नको लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ।

३८. मुस्लिम समुदायका छात्र-छात्राहरुको शिक्षामा सहज पहुँच वृद्धि गर्न धार्मिक विद्यालयहरु(मदरसा) को भौतिक पूर्वाधार निर्माण र शैक्षिक वातावरण निर्माणमा ध्यान दिइनेछ

३९. आजका बालबालिका भविष्यका कर्णधार हुन भन्ने यथार्थलाई आत्मसात गर्दै बालबालिकाको सर्वसुलभ शिक्षा, स्वास्थ्य र पोषणमा ध्यान दिइनेछ। सार्वजनिक विद्यालयका बालविकास देखि कक्षा ५ सम्मका विद्यार्थीहरुलाई **दिवाखाजाको व्यवस्था** गरिनेछ।

४०. सबै विद्यालयहरुको कार्यसम्पादन मुल्याङ्कन गरी विद्यालयको श्रेणी मापन गरिनेछ।

४१. विद्यालयमा कार्यरत जनशक्तिको मनोवल उच्च राख्ने कार्यलाई प्राथमिकता दिईनेछ । आवश्यकता अनुसार कार्य क्षेत्र र जिम्मेवारी समेत हेरफेर गरी कर्तब्य प्रति लगनशील हुन अभिप्रेरित गरिनेछ। विद्यालय जनशक्तिको कार्यसम्पादनलाई नतीजासँग आवद्ध गर्नका लागि कार्यसम्पादन करार गरिनेछ।

४२. छात्राहरुलाई नियमित विद्यालय आउने वातावरण श्रृजना गरिने छ र संघीय सरकारको सहयोगमा सामुदायिक विद्यालयमा अध्ययनरत **किशोरीहरुलाई सेनिटरी प्याड निःशुल्क र भरपर्दो तरिकाबाट उपलब्ध** गराइनेछ।

४३. बुद्धकालीन रोहिणी सभ्यताको उत्थान विकास संरक्षण र प्रवर्द्धनका लागि प्रचारप्रसार अभिमूखिकरण र अन्तक्रियाका लागि आवश्यक पहल गरिनेछ।

४४. विद्यालय स्तरीय शिक्षामा सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहित गर्दै पठ्न पाठनलाई गुणस्तरीय एवम् समयानुकुल बनाइनेछ।

४५. संघीय सरकार र प्रदेश सरकारको सहयोगमा क्रमशः सबै मावि र निमिवहरूमा विज्ञान प्रयोगशालाको उचित ब्यवस्था गरिनेछ।

४६. शैक्षिक कार्यक्रमहरुलाई प्रभावकारी र पारदर्शी तरीकाले कार्यान्वयन गरिनेछ।

४७. विद्युतीकरण नभएका विद्यालयहरुमा विद्युत ब्यवस्थापन गरिनेछ।

४८. वातावरण मैत्री तथा हरित विद्यालय सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ।

४९. अभिभावक, शिक्षक, विद्यार्थी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

५०. बालवालिकाको प्रतिभा प्रस्फुटनका लागि विभिन्न अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिनेछ। अन्तरपालिका र जिल्ला स्तरमा प्रतिस्पर्धा गरि नाम राख्ने विद्यार्थीलाई प्रोत्साहन दिइनेछ

युवा तथा खेलकुदः

५१. राष्ट्रका लागि खेलकुद र स्वास्थ्यका लागि खेलकूद भन्ने मान्यता अनुसार युवा केन्द्रित खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ।

५२. **राष्ट्रपति रनिङशिल्ड तथा अध्यक्षकप भलिबल प्रतियोगिता** सञ्चालन गरी खेल संस्कृतिको विकास गरिनेछ।

५३. विद्यालय स्तरका विद्यार्थीहरुको प्रतिभा प्रस्फुटन गर्नका लागि विभिन्न अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिनेछ।

५४. युवाहरुमा उद्यमशीलता, सृजनशीलता एवम् सकारात्मक सोचको विकास गर्ने अभिप्रायका साथ सोही अनुरुपका सीप र क्षमता अभिवृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गर्दै लगिनेछ।

खानेपानी तथा सरसफाई:-

५५. धकधई खानेपानी आयोजना लगायत रोहिणीका उपभोक्तालाई प्रत्यक्ष लाभ पुग्ने आयोजनाहरुलाई विस्तार गर्न पहल गरिनेछ।

५६. समुदायको प्रत्यक्ष संलग्नतामा खानेपानीको व्यवस्थापन गरिनेछ।

५७. खुला दिसामुक्त गाउँपालिका भैसकेकोले टोल विकास संस्थाहरु र समुदायको अगुवाई र सक्रियतामा पूर्ण सरसफाईका क्रियाकलापहरु आरम्भ गरिनेछ। **हाम्रो रोहिणी सुन्दर र सफा रोहिणी** भन्ने नाराका साथ सरसफाईलाई सभ्यता र स्वास्थ्यको दृष्टिकोणबाट हेर्न जनमानसलाई सचेत गराईनेछ।

५८. गाउँपालिकाले खानेपानी तथा सरसफाईका सम्बन्धमा तयार गरिएको रणनीतिक योजनाले मार्गदर्शन गरे बमोजिमका कार्यक्रमहरु कार्वान्वयन गर्न संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरिनेछ।

महिला बालबालिका ज्येष्ठ नागरिक लगायत लक्षित समुदाय:

५९. बालबालिकासम्बन्धी तथा लैंगिक शशक्तिकरण सम्बन्धी गाउँपालिकास्तरीय नीति तथा कानुनहरू बनाइ कार्यान्वयन गरिनेछ। अध्यक्ष बालिका बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६०. कक्षा ९ मा अध्ययनरत छात्राहरुलाई प्रोत्साहन स्वरुप साईकल उपलब्ध गराइनेछ।

६१. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, विभेद र वहिष्करण अन्त्यका लागि लैंगिक समानता तथा महिला सशक्तिकरणमा सहयोग पुग्ने कार्यक्रम सञ्चालन गरिनेछ।

६२. बालमैत्री स्थानीय शासन प्रक्रिया अगाडि वढाइनेछ।

६३. अपाङ्गताको प्रकृति अनुरुप आय आर्जनको लागि तालिम तथा सुविधाजनक सामग्री वितरणको ब्यवस्था मिलाईनेछ।

६४. सबै वडा तथा टोलहरुलाई बालमैत्री घोषणा गर्न आवश्यक कार्यहरु गरिनेछ।

६५. राष्ट्रिय सांस्कृतिक धरोहर लगायत विभिन्न जाती र समुदायका परम्परागत सम्पदाहरुको संरक्षण र सम्वर्द्धन गर्ने कार्यलाई जोड दिइनेछ।

६६. छुवाछुत मुक्त समाज निर्माण र जातीय विभेद मुक्तिका लागि जनचेतना र पहुँच अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

६७. अपांङ्गता भएका व्यक्तिहरुलाई आत्मनिर्भर र स्वाभिमान बनाउनका लागि समान अवसर तथा सेवा सुविधामा पहुँच बढाउन उनीहरुको सहयोग पुग्ने किसिमका कार्यक्रमहरु सञ्चालन गरिने छ। घर परिवार र समाजमा फरक क्षमता भएका ब्यक्तिलाई माया गर्ने वातावरण श्रृजना गर्न सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ। ग बर्गका अपाङ्गता भएका व्यक्तिलाई वार्षिक रु. ५००० का दरले सामाजिक सुरक्षा रकम उपलब्ध गराइनेछ।

६८. जेष्ठ नागरिकहरुको आधारभुत अधिकारको संरक्षण गर्दै उनीहरुको लागि सम्मानजनक तथा सन्तुष्टिपूर्वक जीवनयापनका आवश्यक कार्यक्रम कार्वान्यन गर्ने तर्फ जोड दिइने छ। जेष्ठ नागरिकलाई माया र सम्मान गर्ने नीति लिईनेछ।

६९. रोहिणी गाउँपालिका भित्रका ६० वर्षभन्दा माथिका मधुमेह तथा उच्च रक्तचापका विरामीहरुका लागि निःशुल्क आधारभुत औषधी उपलब्ध गराउने नीति अवलम्वन गरिनेछ।

७०. ज्येष्ठ नागरिक (८० वर्ष भन्दा माथि) का र क वर्गका अपाङ्गहरुका लागि कार्यतालिका बनाई

स्वास्थ्यकर्मीद्धारा घरदैलो स्वास्थ्य जाँच तथा उपचार कार्यक्रम सञ्चालन गरिनेछ।

७१. घर नभएका अति विपन्न परिवारलाई संघीय र प्रदेश सरकारको सहयोग र समन्वयमा तथा गाउँपालिकाको समेत आफ्नै लगानीमा घर निर्माण गराई नागरिकहरुको आवासको सुनिश्चितता प्रदान गर्ने नीति लिईने छ। सुरक्षित नागरिक आवास कार्यक्रमलाई आर्थिक वर्षको शुरुबाट नै कार्यान्वयन गर्न पहल गरिनेछ। खर/फुसको छाना मुक्त पालिका घोषणा गरिनेछ।

७२. सीमान्तकृत विपन्न तथा अति गरीवहरुका लागि आयआर्जन सम्बन्धी सीपमुलक कार्यक्रम गरिनेछ।

७३. दलित वर्गको उत्थान, विकास, संरक्षण, सम्वर्द्धन, सशक्तीकरण र आयआर्जनका लागि जोड दिईनेछ।

७४. मुस्लिम तथा पिछडिएका वर्गको आय आर्जन, सीप विकास जस्ता प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ।

७५. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी कार्यहरुलाई प्राथमिकता दिदै सवै किसिमका अन्याय र अत्याचारको अन्त्यको लागि पहल गरिनेछ।

७६. सबै जात, जाति वर्ग समुदायको धर्म, संस्कृतिको सम्मान र संरक्षण गरिनेछ ।

सामाजिक सुरक्षा तथा संरक्षण:-

७७. EFT माध्यमबाट वितरण हुदै आएको सामाजिक सुरक्षा भत्तालाई अझ सरल र छिटो तरिकाले भुक्तानी गर्ने ब्यवस्था मिलाइनेछ। विद्युतीय माध्यमबाट सामाजिक सुरक्षा प्रणालीमा सहजीकरण गर्ने कर्मचारीहरुलाई प्रोत्साहन गरिनेछ।

ग) पूर्वाधार विकास:

७८. विकासका पूर्वाधारमा सडक पहिलो शर्त हुनाले गुणस्तरीय सडक निर्माणलाई प्राथमिकता दिइनेछ। सडक स्तरोन्नतीसँगै नाली निर्माण गरिनेछ।

७९. रोहिणी वडा नं १ र २ जोड्ने रोहिणी नदीमा झोलुङ्गे पुल निर्माण गरिनेछ।

८०. **सबै सडकहरुको मापदण्ड निर्माण र नामाकरण** गरिनेछ।

८१. सडकको क्षेत्राधिकार (चौडाई) पुर्याउने दायित्व सडकको दायाँ वायाँ घर जग्गा हुने नागरिकको हुने हुंदा सबै नागरिकहरुलाई सकारात्क सोँच, भावना र बिचार सहित विकास निर्माणमा पूर्णरुपमा सघाउ पुऱ्याउन गाउँपालिका हार्दिक अनुरोध गर्दछ। यदि ठूलो विवाद भई योजना कार्यान्वयन हुन नसक्ने वातावरण सृजना भएमा त्यस्तो योजनालाई विवादरहित क्षेत्रमा कार्यान्वयन गर्ने नीति अवलम्वन गरिनेछ।

८२. रोहिणी गाउँपालिकाको आधुनिक प्रविधिमैत्री सुविधा सम्पन्न प्रशासकीय भवन निर्माण सम्पन्न गरिनेछ।

८३. विद्युत वितरण प्रणालीलाई प्रभावकारी बनाउन विद्युत प्राधिकरणसँग समन्वय गरी आवश्यकता अनुसार ट्रान्सफर्मरको क्षमता वृद्धि, थप तथा लाईन विस्तार गरी सबै घरहरुमा र वस्तीहरुमा विद्युतीय सेवा पुर्याउने नीति लिइनेछ।

८४. बैकल्पिक उर्जा समेतको प्रयोग गर्दै गाउँपालिकाका बजार क्षेत्रहरुमा **उज्यालो रोहिणी**

कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८५. मौसम तथा अन्य गतिविधीबाट क्षयीकरण हुने पूर्वाधार तथा ग्रामीण सडकहरुको मर्मत सम्भार व्यवस्था गरिनेछ।

८६. भैरहवा विशेष अर्थिक क्षेत्र (SEZ) भित्र निर्माण भएका र अब निर्माण हुने भवनहरुको नक्सा पास कार्यलाई ब्यवस्थित रुपमा कार्यान्वयनमा ल्याइनेछ। उद्योग ब्यवसायलाई सहज बनाउन उक्त क्षेत्रभित्र निर्माण भएका र नयाँ निर्माण हुने भवनहरुको नक्सा पास प्रकृयालाई अझ बढी सहज र सहुलियतपूर्ण बनाउने नीति लिइनेछ।

८७. गाउँब्लक नापी कार्यक्रमलाई यस बर्षपनि निरन्तरता दिइनेछ।

८८. कम्तीमा १००० जना अटने बहुउद्देश्यीय सभाहल निर्माणका लागि जग्गा व्यवस्थापन, विस्तृत अध्ययन प्रतिवेदन (DPR) र आवश्यक श्रोतको व्यवस्थापन गरिनेछ।

८९. रोहिणी गाउँपालिकाको ब्यवस्थित रुपमा विकास गर्न प्रदेश तथा संघीय सरकारसँग योजना माग गर्दा आवश्यकता अनुसार परियोजनाको विस्तृत अध्ययन प्रतिवेदन (DPR)तयार गरिनेछ।

घ) वातावरण तथा विपद व्यवस्थापन:-

९०. प्राकृतिक तथा मानवीय कारणले हुने महामारी तथा विपदहरुको रोकथाम तथा न्यूननीकरणको लागि पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका कार्यक्रम सञ्चालन गर्न स्थानीय विपद् व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्थापन गरी प्रभावकारी रुपमा विपदको व्यवस्थापन गर्ने नीतिलाई निरन्तरता दिइनेछ। विपद् सामाग्री वितरणमा एकीकृत व्यवस्था गरिनेछ।

९१. तुरिया खोलाले बर्षेनी खेतीयोग्य जमीन कटान गरिरहेको अवस्थामा विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरि आवश्यक बजेट बिनियोजनका लागि संघीय र प्रदेश सरकारसँग पहल गरिनेछ।

९२. पूर्वाधार विकासका क्रियाकलापहरु सञ्चालन गर्दा विपद् जोखिम संवेदनशीलतालाई केन्द्रविन्दुमा राखी कार्यान्वयन गर्न सघाउ पुग्ने गरी डिजाइन तथा इष्टिमेट गर्ने व्यवस्था मिलाइनेछ।

९३. हरियो रोहिणी कार्यक्रमलाई शुरुवात गर्न आद्युनिक नर्सरी स्थापनामा जोड दिई सार्वजनिक जग्गा, ऐतिहासिक स्थलहरु, नदी किनार, नदी उकास, नहर तथा सडक किनारमा वृक्षारोपण कार्यक्रम संचालन गरिनेछ यसबाट रोजगारीको सृजना हुनुका साथै वातावरण संरक्षणमा सघाउ पुग्नेछ।

९४. जलवायू परिवतर्नका असरहरुलाई न्युनिकरण गर्नका लागि अनुकुलन कार्यहरु गर्दै वातावरण संरक्षण गर्ने नीति अवलम्वन गरिनेछ।

९५. एक गाउँ एक पोखरी नीति अनुरुपको कार्यक्रमलाई कार्यान्वयन गरिनेछ। धार्मिक तथा ऐतिहासिक महत्व बोकेका पोखरीहरुको संरक्षण र सम्वर्द्धन तथा सुन्दरीकरण गर्ने नीति अपनाइनेछ।

९६. गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक स्थलहरुको संरक्षण र सम्वर्द्धनका लागि योजना बनाई सरोकारवालाहरुको सहभागिता जुटाई वृक्षारोपणका कार्यक्रम क्रमशः सञ्चालन गरिनेछ

९७. रोहिणी गाउँपालिका, ओमसतिया गाउँपालिका र देवदह नगरपालिकाको सहकार्यमा सञ्चालन भएको बरुणयन्त्र सञ्चालनको लागि आवश्यक कार्यक्रम अगाडि बढाइनेछ।

९८. विपद् आउन नदिन जनचेतना अभिवृद्धि गर्ने तथा विपद् आइपरेमा राहत, पुर्नस्थापना तथा उद्दार

कार्य गर्न विपद् व्यवस्थापन कोषको माध्यमबाट उद्दार सामग्री सहितको व्यवस्था गरिनेछ।

९९. गाउँपालिकाले स्थानीय विपद् व्यवस्थापन रणनीतिक प्रतिकार्य योजना तर्जुमा गरि विपद् न्यूनीकरण गर्ने कार्यलाई प्राथमिकता दिईनेछ।

१००. फोहरमैला व्यवस्थापनको लागि सम्भाव्यता अध्यनन गरी उपयुक्त स्थानको पहिचान गरी क्रमशः व्यवस्थित रुपमा कार्वान्वयन गर्दै लगिनेछ।

ङ) सुशासन तथा संस्थागत विकास

१०१. कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शाखा वा इकाईको सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाउदैलगिनेछ। सबै कर्मचारीहरुलाई कम्प्यूटरको आधारभूतज्ञान र सीपको विकास गराईनेछ। कार्यालयका सबै कागजी फाइललाई क्रमशः कम्प्यूटर प्रणालीमा लगि सुरक्षित अभिलेखीकरण गरिनेछ।

१०२. गाउँपालिका र अन्तर्गतको वर्तमान संगठन संरचनालाई आवश्यकता र औचित्यको आधारमा परिमार्जन गरि नयाँ संगठन संरचना निर्माण गरि सेवाप्रवाहलाई अझ प्रभावकारी बनाउँदै लगिनेछ।

१०३. बजेट योजना र नीतिहरुलाई कार्यान्वयन गर्न मध्यमकालीन खर्च संरचना (MTEF), दिगो विकासका लक्ष्यहरु, लैङ्गिक उत्तरदायी बजेट र जलवायु अनुकुलन कार्ययोजनासँग आन्तरिकीकरण गरिनेछ।

१०४. स्थानीय तह संस्थागत क्षमता स्वःमूल्याङ्कन(LISA) कार्यविधीले निर्दिष्ठ गरेका विषयक्षेत्रहरु, सूचक र मापदण्डहरुको प्रभावकारी कार्यान्यन गरि आ.व. २०७७/७८ मा गाउँपालिकाले प्राप्त गरेका प्राप्ताङ्क प्रतिशतलाई बढोत्तरी गर्दै लैजानका लागि आवश्यक नीति र कार्यक्रमहरु संचालन गरिनेछ। यसवाट गाउँपालिकाको संस्थागत क्षमता सुदृढ भइ सार्वजनिक सेवा प्रवाह स्वच्छ, सक्षम, प्रतिस्पर्धी, निस्पक्ष, पारदर्शि, सुशासन युक्त र जनअपेक्षाअनुकुल भई सेवामा जनताको समान र सहज पहुँच स्थापित हुनेछ।

१०५. अनुत्पादक खर्चहरु कटौती गर्ने नीति अवलम्बन गरिनेछ। खरिद प्रकृयालाई पारदर्शी, प्रतिस्पर्धी एवं मितव्यीताको लागि सार्वजनिक खर्चमा मितव्ययीता सम्बन्धी निर्देशिका २०७७ को पालना गरिनेछ। **विद्युतीय बोलपत्रको अनुसरण गरिनेछ।**

१०६. खरिद तथा सम्पत्तिको अभिलेख व्यवस्थापनको लागि महालेखा नियन्त्रक कार्यालयले कार्यन्वयनमा ल्याएको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली को(PAMS)कार्यान्वयन गरिनेछ

१०७. गाउँपालिकाले सम्पादन गरेका सम्पूर्ण कार्यसम्पादनहरुलाई समेटेर स्मारिका प्रकाशित गरिनेछ।

१०८. "**समयमा कर तिरौं गाउँपालिकाको विकासमा सहभागी बनौं**" भन्ने नारालाई सार्थक बनाउन करदाता शिक्षा, कर सप्ताह जस्ता चेतनामूलक कार्यक्रम संचालन गरिनेछ।

१०९. विगतमा लागू गरिएका मालपोतका दरहरु सम्पतिकरका दररेट तथा व्यवसाय करका दरमा समयानुसार वैज्ञानिक प्रणाली अवलम्वन गरिनेछ।

११०. हाल अनिवार्यरुपमा लागू गर्नुपर्ने सुत्र राजस्व प्रणाली पूर्णरुपमा कार्यान्वय तथा करदाताको अभिलेखीकरण प्रणाली अद्यावधिक गरिनेछ।

१११. प्राकृतिक श्रोत तथा नदीजन्य पदार्थहरुको उचित व्यवस्थापनगरी आन्तरिक राजस्व बढाउने तथा

करका दायराहरुबढाई गाउँपालिकाको आय श्रोत वृद्धि गर्दै लैजाने नीति अनुसरण गरिनेछ।

११२. जनताको सर्वोपरी हितलाई ध्यानमा राखी कानूनले अधिकार प्रदान गरेका न्यायीक कार्यलाई व्यवस्थित विश्वास योग्य, पारदर्शी बनाउदै लगिने छ। मेलमिलापकको माध्यमबाट समाजमा सामाजिक सहिष्णुता बढाउने विषयलाई जोड दिइनेछ।

११३. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी कार्यहरुलाई प्राथमिकता दिदै सवै किसिमका अन्याय र अत्याचारको अन्त्यको लागि पहल गरिनेछ।

११४. सूचना तथा सञ्चार प्रविधि विकास तथा विस्तार गर्दै सूचना तथा सञ्चार प्रविधि विकासमा जोड दिईनेछ।

११५. गाउँपालिकाले सम्पादन गरेका कामका सबै गतिविधिहरुलाई Website मा नियमितरुपमा प्रविष्ठ गरी सबैको सूचना पाउने हकको सुनिश्चितता प्रदान गरिनेछ।

११६. नियमित र प्रभावकारी बजार अनुगमनको माध्यमबाट गुणस्तर, नापतौल, खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षण सम्बन्धी कार्यहरु व्यवस्थित गरिनेछ।

११७. सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई जस्ता क्रियाकलापको माध्यमबाट पारदर्शिता अभिवृद्धि गर्दै लगिनेछ।

११८. सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी बनाउन नियमित रुपमा अडियो नोटिस बोर्ड सेवा वेवसाईट सेवा सञ्चालन, डिजिटल नागरिक वडापत्र तथा सुचना पार्टी सञ्चालन, हाम्रो रोहिणी राम्रो रोहिणी कार्यक्रम सञ्चालन तथा गाउँपालिकाको पार्श्वचित्र प्रकाशन, लगायतका सूचना सामाग्रीहरूको प्रकाशन तथा वितरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

११९. योजना, जिन्सी लगायतका क्षेत्रमा क्रमशः सप्टवेयर मार्फत ब्यवस्थापन गर्ने, आवश्यक स्थानहरुमा सि.सी.टि.भि क्यामरा जडान, सञ्चार माध्यमबाट विद्युतिय सिकाई, गाउँपालिकाका, वडा कार्यालय, विद्यालयहरु, स्वास्थ्य संस्थाहरुमा क्रमशः ईन्टरनेट सुविधाको ब्यवस्थापन गर्दै जाने नीति लिइनेछ।

१२०. गुनासो सुनुवाई इकाईको व्यवस्था गरी जनगुनासोलाई समयमै व्यवस्थापन गर्ने कार्य गरिनेछ।

१२१. सबै कर्मचारीहरुको कार्य विवरण, काम, कर्तब्य र अधिकार तथा कार्य सम्पादन सम्झौता, जिम्मेवारीमा हेरफेर गर्ने लगायतका विषयमा कार्यविधि बनाई कार्यान्वयन गरिने छ। साविकको स्थानीय निकायमा स्थायी नियुक्ति पाई हाल यस गाउँपालिकामा समायोजन भएका कर्मचारीहरुको बृत्ति विकासको लागि आवश्यक कानून बनाई लागु गरिनेछ।

१२२. कर्मचारी र राजनीति वीचको अन्तरसम्बन्धलाई सेवाप्रवाहसँग आवद्ध गरिनेछ। अन्तरसम्बन्धलाई ब्यवस्थित गर्न जनप्रतिनिधीहरु र कर्मचारीहरूको काम कर्तब्य र अधिकारलाई अहस्तक्षेपकारी तरीकाले समन्वयात्मक ढङ्गबाट गर्ने नीति अबलम्वन गरिनेछ

१२३. आन्तरिक नियन्त्रण प्रणाली अवलम्वन गर्दै आन्तरिक तथा अन्तिम लेखा परीक्षण समयमै सम्पन्न गराउदै बेरुजु फर्छ्यौट कार्यलाई प्राथमिकता दिइनेछ।

१२४. संघीय सरकार र प्रदेशसरकारसँगको सहकार्यमा सञ्चालन हुने योजनाको लागि समपुरक रकमको ब्यवस्था गरिनेछ।

१२५. संघ, प्रदेशसँग समन्वयको आधारमा स्थानीय सरकार संचालन हुनेछ। ठूला योजनाहरु संघ र प्रदेश सरकारसँगको सहभागितामा सञ्चालन गर्ने नीति अबलम्वन गरिनेछ।

१२६. उत्कृष्ठ काम गर्ने कर्मचारी/शिक्षक लाई पुरस्कार तथा सम्मानको ब्यवस्था गरिनेछ।

१२७. गाउँपालिका निवासी जनताको चेतना स्तर बढाउन विभिन्न चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१२८. स्थानीय सरकारलाई प्रभावकारी सञ्चालनका लागि आवश्यक पर्ने ऐन, नियम र कार्यविधि बनाइ कार्यान्वयन गरिनेछ।

अन्त्यमा यस गाउँपालिकाले दीर्घकालिन सोच, उद्देश्य, प्राथमिकताका साथ अघि सारेका नीति तथा कार्यक्रमको सफल कार्यान्वयनले यस गाउँपालिकालाई समृद्ध बनाउन योगदान पुर्याउने कुरामा विश्वास राख्दछु। यस गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग पुऱ्याउनुहुने उपाध्यक्षज्यू लगायत सम्पूर्ण गाउँसभाका सदस्यज्यूहरू, विषयगत समितिका पदाधिकारीहरू, बुद्धिजीवि, समाजसेवी, शिक्षक, प्राध्यापक, राष्ट्रसेवक कर्मचारीहरू लगायत सबै सरोकारवालाहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु। नीति तथा कार्यक्रमहरू अनुरुप यस गाउँपालिकालाई **सुखी र समृद्ध** बनाउन सबैको साथ, सहयोग र सहकार्यको आशा र विश्वासको अपेक्षा राख्दछु।

धन्यवाद, जय रोहिणी

मिति : २०८१।०४।१६

अध्यक्ष
विद्याप्रसाद यादव
रोहिणी गाउँपालिका, रूपन्देही

आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्य

सभाध्यक्ष, उपाध्यक्ष एवं सदस्य महानुभावहरू, उपस्थित सम्पूर्ण महानुभावहरु

रोहिणी गाउँसभाको गरिमामय गाउँसभामा आर्थिक वर्ष २०८१/८२ को आय व्यय सहितको वार्षिक बजेट, योजना तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु।

यस महत्वपूर्ण अवसरमा देशलाई संघीय लोकतान्त्रिक गणतन्त्रको युगसम्म ल्याउने क्रममा आफ्नो अमूल्य जीवन बलिदान गर्नु हुने सम्पूर्ण महान शहिदहरु तथा राष्ट्रप्रेमी दिवंगत देशभक्त महानुभावहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै नेपाली समाज रुपान्तरणको क्रममा अग्रपंक्तिमा रहेर नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु

नेपालको संविधानले संघीय शासन व्यवस्था अन्तर्गत राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानिय तहले गर्ने गरी तीनवटै तहको एकल तथा साझा अधिकारको व्यवस्था गरेको छ। तीनवटै तहका सरकारले संविधान र कानूनको सिमा भित्र रही स्वतन्त्र रुपमा अधिकारको प्रयोग गर्ने अवसर प्राप्त गरेका छन्।

स्थानीय तहका विद्यायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकार सञ्चालनका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भइ कार्यान्वयनमा रहेको छ। संवैधानिक व्यवस्था अनुरुप संघीय लोकतान्त्रीक गणतन्त्र र संघीयताको कार्यान्वयन गर्दै स्थानीय सरकार सञ्चालन गर्नुपर्ने अभिभारा हामी जनप्रतिनिधिहरु उपर आएकोले लोकतान्त्रिक समावेशी, जवाफदेही र प्रभावकारी स्थानीय शासनको अनुभूती जनतालाई गराउने दायित्व जनप्रतिनिधीमा रहेको छ।

सभाध्यक्ष महोदय,

कृषि, पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य संस्कृति र सभ्यता। सुखी जनता र समृद्ध रोहिणीको प्रतिवद्धता भन्ने दिर्घकालीन सोच अनुरुप आर्थिक, सामाजिक विकासको मौलिक ढाचामा रोहिणी गाउँपालिका अगाडी छ। जनअभिमतबाट जनप्रतिनिधि भई स्थानीय शासन सञ्चालन गर्दै आइरहेकोमा जनताको हामी प्रति उच्च अपेक्षा रहनु स्वभाविक हो। रोहिणी गाउँपालिका भित्रका सबै क्षेत्र वर्ग र समुदायका महत्वपूर्ण आवश्यकताहरुलाई सम्बोधन गर्दै जनताको जीवनस्तर बृद्धि र आत्मनिर्भर बनाउने मान्यताका साथ यो बजेट तर्जुमा गरिएको व्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहान्छु।

बजेट तर्जुमाको क्रममा नेपालको संविधान, विद्यमान ऐन र नियम, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, विद्यमान संघिय, प्रादेशिक तथा स्थानीय तहको दीर्घकालीन सोच, संघीय पन्ध्रौ योजना र प्रादेशिक दोश्रो आवधिक योजनाहरु, दिगो विकासका लक्ष्यहरु, संघीय र प्रदेश सरकारबाट प्राप्त मार्ग निर्देशन, स्थानीय तहको प्रमुख समस्या र सम्भावना, स्थानीय तहमा सहभागी राजनीतिक दलहरुका घोषणा पत्रहरु, उपलब्ध स्रोत र साधनहरु, रोहिणी गाउँपालिकाको नीति तथा कार्यक्रमका साथै सभाका सदस्य ज्यूहरु, राजनैतिक दलहरु, विभिन्न संघ संस्था, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज, बुद्धिजीवि, पत्रकार र रोहिणी गाउँपालिकाका आदरणीय आमा बुबा, दिदीबहिनी, दाजुभाइहरुबाट प्राप्त रचनात्मक सुझाबहरुलाई समेत आधार मानेर बजेट निर्माण गरेकोछु। वार्षिक बजेट रोहिणी गाउँपालिकाले अबलम्वन गरेको नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने महत्वपूर्ण औजार रहेको

व्यहोरा सम्मानित सभामा राख्न चाहान्छु। संघिय र प्रदेश सरकारबाट प्राप्त मार्ग दर्शन, स्थानीय आर्थिक अवस्था र आन्तरिक आयको अवस्था समेतको आधारमा रही बजेट निर्माण गरेको छु।

सभाध्यक्ष महोदय,

आगामी आर्थिक वर्ष २०८१/८२ को बजेटका प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहान्छु। **बजेटका उद्देश्यहरु निम्न अनुसार निर्धारण गरेको छु।**

१. आर्थिक, सामाजिक, पूर्वाधार विकास र संस्थागत सुशासन मार्फत गरिवी निवारण गरि समृद्ध रोहिणी निर्माण गर्ने।

माथि उल्लेखित उद्देश्य प्राप्तिका लागि निम्न क्षेत्रहरुमा **प्राथमिकता निर्धारण गरेको छु।**

सर्वसुलभ गुणस्तरीय शिक्षा तथा स्वास्थ्यको पहुँच नागरिकमा पुऱ्याउने

१. कला संस्कृतिको पहिचान, संरक्षण र सम्वर्द्धन गर्ने।
२. गरिबी न्यूनीकरण, रोजगारी सिर्जना र आयआर्जन वृद्धि गर्दै दिगो विकासमा प्रत्यक्ष योगदान पुऱ्याउने।
३. आन्तरीक राजस्व वृद्धि र परिचालनमा सहयोग पुऱ्याउने। राजस्वका दर तथा दायराहरूलाई समयानुसार वैज्ञानिकीकरण परिमर्जन र परिवर्तन गर्ने।
४. सडक, खानेपानी, विद्युत, भवन जस्ता पूर्वाधारको विकास गर्ने।
५. स्वच्छ वातावरणको संरक्षण गर्दै विपद जोखिम न्यूनीकरण गर्ने।
६. जेष्ठ नागरिक सम्मान साथै लक्षित वर्गको सशक्तिकरणमा जोड दिने।
७. विपद् व्यवस्थापनलाई उच्च प्राथमिकता दिने।

सभाध्यक्ष महोदय,

अब म आ.व.०८१/८२ को लागि रोहिणी गाउँपालिकाको अनुमानित आय व्यय विवरण प्रस्तुत गर्न गईरहेको छु ।

कृषिलाई आर्थिक समृद्धीको मेरूदण्ड मान्दै "**व्यवसायिक कृषि पेशा अबलम्वन गरौं आत्म निर्भर बनौं**" भन्ने उद्देश्यका साथ कृषिलाई व्यवसायिकरण तथा बजारीकरण गर्न अभिप्रेरित गर्ने गरी बजेट व्यवस्था गरेको छु। यसबाट कृषिमा व्यवसायिकता बढ्ने र साना किसानको समेत जीवन स्तर उकास्न मद्दत पुग्ने गरि आवश्यक बजेट विनयोजन गरेको छु। कृषि क्षेत्रलाई बिशेष प्राथमिकतामा राखी रोहिणी गाउँपालिकाको खाद्य सुरक्षा र पोषणका लागि कृषि क्षेत्रको प्रथिमिकिकरण १ करोड २५ लाख यो वर्ष पनि निरन्तरता दिएको छु। चैते धान प्रर्वद्धन कार्यक्रम(चैते धान आत्मनिर्भर कार्यक्रम) को लागि रु.१० लाख विनियोजन गरेको छु।

माछा पालन कृषकलाई प्रोत्साहन गर्न संघीय सशर्त अनुदानमार्फत नयाँ माछा पकेट विकास सञ्चालन गर्न रु.१५ लाख बिनियोजन गरेको छु।

प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरुलाई रोजगारीको सिर्जना गराउन कार्यक्रम रु.३६ लाख ९४ हजार बजेट ब्यवस्था गरेको छु।

कृषि विकास र उत्पादन बृद्धिका लागि सिंचाई सुविधा अभिवृद्धि हुने सबै सम्भावित कार्यमा गाउँपालिकाले सहयोग नीति अनुरुप सिञ्चाई सुविधा पुऱ्याउन बजेट ब्यवस्था गरेको छु।

माछा पालन ब्यवसायको माध्यमबाट आय-आर्जन बृद्धि तथा रोजगारीमा बृद्धि गर्नका लागि माछा पालनको क्षेत्र विस्तार गर्न अभिप्रेरित गराई नयाँ पोखरी निर्माणमा अनुदान तथा पुराना पोखरी भएका कृषकहरुलाई भुरा तथा उत्पादनमा अनुदान दिने नीति अनुसार अनुदान उपलब्ध गराउन बजेट ब्यवस्था गरेको छु। माछा पालन कृषकलाई प्रोत्साहन गर्न संघीय सशर्त अनुदानमार्फत नयाँ माछा पकेट विकास सञ्चालन गर्न रु.१५ लाख बिनियोजन गरेको छु।

सामजिक विकास

स्वास्थ्य:

नेपाल सरकारको नीति अनुसार अत्यावश्क स्वास्थ्य सेवाको पहुँच एवं गुणस्तरीय सेवा प्रवाहका लागि स्वास्थ्य सेवा पूर्वाधार विकास र निशुल्क औषधी वितरण प्रणालीलाई थप व्यवस्थित गर्दै लगिने छ। अत्यावस्यक औषधीको ब्यवस्थापनका लागि ससर्त बजेट रु.१० लाख ९३ हजार र गाउँपालिकाबाट थप रकम बजेट विनियोजन गरेको छु।

गाउँपालिकाबाट सञ्चालन भईरहेका एम्बुलेन्स सञ्चालन र व्यवस्थापन गर्नको लागि.... लाख बजेट व्यवस्था गरेको छु।

खोप, सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, पोषण जस्ता जनस्वास्थ्यसँग सम्बन्धित आधारभुत सेवा सुविधालाई प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वयंसेविकालाई उत्प्ररित गराई उचितरुपमा परिचालन गर्ने गरी मासिक रुपमा यातायात खर्चको लागि १२ लाख विनियोजन गरेको छु।

प्रजनन स्वास्थ्यमा पहुँच अभिवृद्धि गर्न प्रसुती गृह निर्माण र सञ्चालनलाई व्यवस्थित र प्रभावकारी बनाईने छ। आमा र शिशुको स्वास्थ्यलाई ध्यान राखि बर्थिङ्ग सेन्टर तथा अस्पतालमा सुरक्षित सुत्केरी गराउन प्रोत्साहन गर्ने र बर्थिङ्ग सेन्टर तथा अस्पतालमा प्रसुती गराएका रोहिणी गाउँपालिका भित्र स्थायी बसोबास भएका सुत्केरी महिलालाई उपाध्यक्ष सुत्केरी प्रोत्साहन कार्यक्रम सञ्चालन गरी पोषण सामाग्री उपलब्ध गराउन १० लाख बजेट ब्यवस्था गरेको छु ।

शिक्षा:

"**गुणस्तरीय शिक्षा रोहिणीको प्रतिबद्धता**" भन्ने मुल धेय सहित सबै बालबालिकालाई विद्यालयमा अनिवार्य पठाउँ, सिकाउँ र टीकाउँ भन्ने अभियान सहित सामुदायिक, धार्मिक विद्यालयहरूमा भौतिक पूर्वाधार विकास संगै गुणस्तरीयता अभिबृद्धी गर्न विभन्न कार्यक्रम को लागि आश्यकबजेट को ब्यवस्था गरेको छु।

धार्मिक विद्यालयहरु मदरसाको भौतिक र शैक्षिक विकासमा टेवा पुऱ्याईने नीति अनुरुप बजेट ब्यवस्था गरेको छु।

सामुदायिक तथा धार्मिक विद्यालयहरुमा खानेपानी, सरसफाई एवम् बाल तथा छात्रा मैत्री शौचालय निर्माण कार्यको लागि विशेष प्राथमिकता साथ कार्यक्रम सञ्चालन गरिने छ। छात्राहरुलाई नियमित विद्यालय आउने वातावरण श्रृजना गरिने छ र संघीय सरकारको सहयोगमा सामुदायिक विद्यालयमा अध्ययनरत किशोरीहरुलाई सेनिटरी प्याड निःशुल्क र भरपर्दो तरिकाबाट उपलब्ध गराइने नीति अनुरुप रु.२० लाख ७६ हजार बजेट ब्यवस्था गरेको छु।

सामुदायिक तथा धार्मिक सार्वजनिक विद्यालयहरुको मर्मत सुधार, भौतिक विकास तथा फर्निचर निर्माण सम्बन्धी कार्यक्रममा सहयोग पुऱ्याउने बजेट व्यवस्था छु।

सवै धर्म सस्कृतीको सरक्षण सम्वर्दन र उत्थान गरी सद्भाव कायम गर्न र सघाउ पुऱ्याउन बजेट विनियोजन गरेको छु।

आर्थिकरुपले विपन्न असाहय अनाथ उपचारबाट वञ्चित परेकाको एकिन गरी सहायता गर्न आवश्यक वजेट व्यवस्था गरेको छु।

युवा तथा खेलकुद:

राष्ट्रका लागि खेलकूद र स्वास्थ्यका लागि खेलकूद भन्ने मान्यता अनुसार युवा केन्द्रित खेलकूद कार्यक्रम सञ्चालन गर्न अध्यक्षकप भलिवल प्रतियोगिता सञ्चालन गरी खेल संस्कृतको विकास गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

विद्यालय स्तरका विद्यार्थीहरुको प्रतिभा प्रस्फुटन गर्नका लागि विभिन्न अतिरिक्त क्रियाकलापहरु सञ्चालन को लागि बजेट विनियोजन गरेको छु। युवाहरुमा उद्यमशीलता, सृजनशीलता एवम् सकारात्मक सोचको विकास गर्ने अभिप्रायका साथ सोही अनुरुपका सीप र क्षमता अभिवृद्धि गर्ने कार्यक्रमहरु सञ्चालनको लागि लघु उद्यम कार्यक्रम मार्फत आवश्यक बजेट विनियोजन गरेको छु।

खानेपानी तथा सरसफाई:-

सबैका लागि स्वच्छ खानेपानी सुविधा पुऱ्याउन खानेपानीका लागि भुमिगत पानीको व्यवस्था सहित ओभरहेड ट्याङकी निर्माण गरी स्वच्छ खानेपानी ब्यवस्थापन गर्न, धकधई खानेपानी आयोजना लगायत रोहिणीका उपभोक्तालाई प्रत्यक्ष लाभ पुग्ने आयोजनाहरुलाई विस्तार गर्न आवश्यक बजेट विनियजन गरेको छु।

महिला बालबालिका ज्येष्ठ नागरिक लगायत लक्षित समुदाय:

आर्थिक, सामाजिक र शैक्षिक रुपमा पछाडि परेका महिला, दलित, आदिवासी जनजाती, मुस्लिम, पिछडावर्ग, अपाङ्गता भएका व्यक्ति लगायतका वर्ग तथा समुदायलाई सीपमूलक, आयमुलक र रोजगारमुलक कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेकोछु।

अपाङ्गता भएका व्यक्तिहरुलाई आत्मनिर्भर र स्वाभिमान बनाउनका लागि समान अवसर तथा सेवा सुविधामा पहुँच बढाउन उनीहरुको सहयोग पुग्ने किसिमका कार्यक्रमहरु सञ्चालन गरिने छ। घर परिवार र समाजमा फरक क्षमता भएका व्यक्तिलाई माया गर्ने वातावरण श्रृजना गर्न सचेतनामुलक कार्यक्रम संचालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

लैगिक हिंसा र विभेदको अन्त्य गरी समाननता कायम गर्न बजेट विनियोजन गरेको छु।

दलित वर्गको उत्थान, विकास, संरक्षण, सम्वर्द्धन र सशक्तीकरण विकास र आय आर्जनका लागि जोड दिईनेछ।

मुस्लिम तथा पिछडिएका वर्गको आय आर्जन, सीप विकास जस्ता प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रमहरु सञ्चालन गर्न बजेट विनियोजन गरेको छु।

ग) पुर्वाधार विकासः

गाउँपालिकाको प्रशासनीक भवन । यसै आर्थिक वर्षमा निर्माण कार्य गरिसक्ने गरि कार्य निरन्तरता दिइनिमार्णका लागि ३ करोड बजेट व्यवस्था गरेको छु।

पूर्वाधार विकासका लागि जाली निर्माण पिसीसी ढलान भवन मर्मत सम्भारको लागि अवश्यक बजेट विनियोजन गरेको छु।

घ) वन वातावरण तथा विपद व्यवस्थापन

गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक स्थलहरुको संरक्षण र सम्वर्द्धनका लागि योजना बनाई सरोकारवालाको सहभागिता जुटाई वृक्षारोपणका कार्यक्रम क्रमशः सञ्चालन गर्न बजेट व्यवस्थापन गरेको छु। विपद् आउन नदिन जनचेतना अभिवृद्धि गर्ने तथा विपद् आइपरेमा राहत, पुर्नस्थापना तथा उद्दार कार्य गर्न विपद् व्यवस्थापन कोषको माध्यमबाट उद्दार सामाग्री सहितको व्यवस्था गर्न तथा वातावरण सरक्षण हरीयाली प्रवर्दन हरित विद्यालय लगायत विपद् व्यवस्थापन कोष को लागि आवश्यक बजेट विनियोजन गरेकोछु।

ङ) सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रः-

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरूलाई उद्यान स्थापना र सार्वजनिक पोखरी सुन्दरीकरण विद्यालय रङरोगन लगायतका कार्यमा प्राथमिकता दिई वातावरण संरक्षणको लागि योगदान पुऱ्याउने व्यवस्था मिलाएको छु।

कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शाखा वा इकाईको सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाउदै लगिनेछ। सबै कर्मचारीहरुलाई कम्प्यूटरको आधारभूत ज्ञान र सीपको विकास गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

स्थानीय तह स्वःमूल्याङ्कन(LISA) कार्यविधीले निर्दिष्ठ गरेका बिषयक्षेत्रहरु, सूचक र मापदण्ड हरु कार्यान्यन र अनुसरण गर्दै गाउँपालिकाको संस्थागत सक्षमतालाई सुदृढ र प्रतिस्पर्धी बनाउदै लगिनेछ यसको लागि बजेट विनियोजन गरेको छु।

न्यायीक समितीको सुदृढिकरणको लागि विषयक्षेत्र अध्ययन गर्न अवश्यक बजेट विनियोजन गरेको छु।

राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको सहकार्यमा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण गरि व्यवस्थित र अद्यावधिक गरिने नीति अवलम्बन गर्न सशर्त तर्फ रु.४ लाख ९५ हजार बजेट विनियोजन गरेको छु।

सूचना तथा सञ्चार प्रविधि विकास तथा विस्तार गर्दै सूचना तथा सञ्चार प्रविधि विकासमा आवश्यक बजेट विनियोजन गरेको छु।

सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई जस्ता क्रियाकलापको माध्यमबाट पारदर्शिता अभिवृद्धि गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

योजना, जिन्सी लगायतका क्षेत्रमा क्रमशः सप्टवेयर मार्फत ब्यवस्थापन गर्ने, आवश्यक स्थानहरुमा सि.सी.टि.भि क्यामरा जडान, संचार माध्यमबाट विद्युतिय सिकाई, गाउँपालिकाका, वडा कार्यालय, विद्यालयहरु,

स्वास्थ्य संस्थाहरुमा क्रमशः ईन्टरनेट सुविधाको व्यवस्थापन गर्दै जाने नीति लिइनेछ यसको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

ठूला योजनाहरु संघ र प्रदेश सरकार सँगको सहभागितामा सञ्चालन गर्ने नीति अबलम्वन गरिने छ। संघीय सरकार र प्रदेशसरकारसँगको सहकार्यमा सञ्चालन हुने समपुरक योजनाको लागि २ करोड बजेटको व्यवस्था गरेको छु।

आ.व.२०८१/०८२ को बजेट अनुमानित बजेट रु.५८,७९,५४,००० अन्ठाउन्न करोड उनासी लाख चौवन्न हजार रहेको छ।

गाउँपालिकाको आ.व.२०८१/०८२ को बजेटको स्रोत देहाय बमोजिम रहेको छ।

क. आन्तरिक आय रु.२,६१,१४,०००(दुई करोड एकसट्ठी लाखचौध हजार)
ख. संघीय सरकारबाट प्राप्त रु.४८,६५,००,०००(अठचालीस करोड पैसट्ठीलाख)
ग. प्रदेशसरकारबाट प्राप्त रु.३,११,१४,०००(तीनकरोड एघार लाखचौध हजार)
घ. बैंक मौजदात रु. ३,७०,००००००(तीन करोड सत्तरी लाख)
ङ. जिल्ला समन्वय समिति रु. ७२,००,०००(बहत्तर लाख)
गरी जम्मा रु.५८,७९,५४,०००अन्ठाउन्न करोड उनासी लाख चौवन्न हजारअनुमान गरेको छु।

यसैगरि विनियोजन तर्फ

सि.नं	शीर्षक	रकम	अक्षरमा
१	प्रदेश सरकारबाट प्राप्त सशर्त समपुरक र विशेष	१८५०००००	एक करोड पचासी लाख
२	संघीय सरकार सशर्त समपुरक विशेष	२६२९०००००	छब्बीस करोड उनन्तीस लाख
३	कार्यालय सञ्चालन तथा प्रशासनिक	१०००००००	दस करोड
४	शिक्षा तर्फ	३००००००	तीन करोड
५	क्रमागत योजना / समपुरक	२७५०००००	दुई करोड पचहत्तर लाख
६	प्रतिवडा १ करोड	७००००००	सात करोड
७	गाउँपालिका उपाध्यक्ष	१००००००	एक करोड
८	गाउपालिका प्रशासनिक भवन	३००००००	तीन करोड
९	गाउँपालिका अध्यक्ष	३१८५४०००	तीन करोड अठाह्र लाख चौवन्न हजार
	जम्मा बजेट	**५८०७५४०००**	**अन्ठाउँन्न करोड सात लाख चौवन्न हजार**

बजेट सम्बन्धी विस्तृत विवरण अनुसूचिमा प्रस्तुत गरेको छु।

बजेटमा ब्यवस्था गरिएका योजना तथा कार्यक्रमहरू उद्देश्य अनुरूप कार्यान्वयन गरी खुसी र सुखी रोहिणी बनाउन हाम्रा सम्पूर्ण सभाका सदस्यहरू लाग्नु हुने छ। यसमा राष्ट्र सेवक कर्मचारीहरू सदा झै खटिनु हुने छ भन्ने अपेक्षा सहित आम रोहिणी गाउँपालिका निवासी नागरिकहरु, राजनीतिक दल, बुद्धिजीवी समाज सेवीहरूबाट सहयोगको अपेक्षा राख्दछु।

अन्त्यमा यस गाउँपालिकाले दीर्घकालिन सोच, उद्देश्य, प्राथमिकताका साथ अघि सारेको वार्षिक बजेटको कार्यान्वयनबाट यस गाउँपालिकालाई समृद्ध बनाउन योगदान पुऱ्याउने कुरामा विश्वास राख्दै वार्षिक बजेट तर्जुमा गर्न सहयोग पुऱ्याउनुहुने सम्पूर्ण, सभाका सदस्यज्यूहरू, विषयगत समितिका पदाधिकारीहरू, राजस्व परामर्श समितका पदाधिकारीहरू, बुद्धिजीवि, समाजसेवी, शिक्षक, प्राध्यापक, राष्ट्रसेवक कर्मचारीहरू लगायत सबैलाई हार्दिक धन्यवाद दिदै बजेट तथा कार्यक्रमको सफल कार्यान्वयन गरी यस गाउँपालिकालाई सुखी र समृद्ध रोहिणी बनाउन सबैको साथ,सहयोग र सहकार्यको आशा र विश्वासका साथ विदा माग्दछु।

धन्यवाद, जय रोहिणी।

मिति : २०८१/०४/१६

विद्या प्रसाद यादव
गाउँपालिका अध्यक्ष
रोहिणी गाउँपालिका, रूपन्देही

२०८१ सालको ऐन नं. १
रोहिणी गाउँपालिकाको आर्थिक ऐन, २०८१

प्रस्तावना:

रोहिणी गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम रोहिणी गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

यस ऐनको नाम "आर्थिक ऐन, २०८१" रहेको छ।

यो ऐन २०८१ साल श्रावण १ गतेदेखि रोहिणी गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पति कर** (११३१३)

गाउँपालिका क्षेत्रभित्र अनुसूची (१)बमोजिम सम्पत्ति कर र घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

३. **भूमि कर/ मालपोत** (११३१४)

गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर मालपोत कर जग्गा मुल्याङ्कनको रकमको आधारमा लगाइने र असुल गरिनेछ।

४. **घर/जग्गा वहाल कर** (११३२१)

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

५. **बहाल बिटौरी कर** (११३२२)

गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका हाट बजार वा पसल तथा सार्वजनिक जग्गा र पोखरीमामा सभाले निर्णय गरे अनुसार अनुसूची -४ बमोजिम बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

६. **सवारी साधन कर** (११४५१)

गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधन टाङ्गा, रिक्सा, अटोरिक्सा, इ-रिक्सा जस्ता सवारी साधनमा अनुसूची (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ।

७. **मनोरञ्जन कर** (११४७१)

गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन सेवामा अनुसूची (६) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।

८. **विज्ञापन कर** (११४७२)

गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ।

९. **व्यवसाय कर** (११६११)

(१) गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम उद्योग, ब्यापार, व्यवसाय तथा सेवा संचालन गर्न चाहने व्यक्ति वा संस्थालाई व्यवसाय दर्ता गरी ब्यवसाय इजाजत प्रदान गरिनेछ। इजाजत प्राप्त ब्यवसायीहरुले वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी व्यवसाय नविकरण तथा खारेजी गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको इजाजत विना गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय तथा सेवा सञ्चालन गर्न पाईने छैन।

१०. **जडिबुटी, कवाडी र मृत जीवजन्तु कर**(११६३२)

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्याँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (९) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

११. **अनुमति दस्तुर/प्रशासनिक सेवा शुल्क** (१४२२९)

रोहिणी गाउँपालिका भित्र कानून बमोजिम प्राकृतिक स्रोत उत्खननू तथा ओसार पसार गर्ने सवारी साधन तथा गाउँपालिकामा सूचिकृत निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक अनुसूची (१०) बमोजिम वार्षिक अनुमति दस्तुर लगाईने छ। सो को लागि सरोकारवालाले गाउँपालिकामा सूचिकृत गर्नु पर्नेछ। विद्युतीय बोलपत्र तथा अन्य सिलबन्दी दरभाउपत्रमा सामेल हुनेलाई सूचिकृत हुनुपर्दैन।

१२. **पार्किङ शुल्कः**(१४२४१)

गाउँपालिका वा गाउँपालिकाले निर्माण गरेको पार्किङ्ग सेड भित्र क्षेत्रभित्र वा कुनै मेला महोत्सव आयोजना भएमा सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत सभाले निर्णय गरे अनुसार अनुसूची-११ बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१३. **नक्सा पास दस्तुर** (१४२४२)

(१) रोहिणी गाउँपालिकाले गाउँपालिका क्षेत्र भित्र नयाँ निर्माण हुने, घर, टहरा, गोदाम, सेड आदि निर्माण गर्दा तथा पुराना घर, टहरा, गोदाम, सेड आदिको अभिलेखिकरण गर्दा अनुसूची (१२) बमोजिमको शुल्क लगाई असुल उपर गरिने छ।

(२) औद्योगिक क्षेत्रको प्रर्वद्धन गर्न र सहजीकरण गर्नको लागि भैरहवा विशेष आर्थिक क्षेत्र भित्र निर्माण भएका तथा अब निर्माण हुने औद्योगिक भवनहरु, घर, टहरा, सेडमा अनुसूची(१२) मा उल्लेख भए अनुसारको दस्तुर लिई नक्सा पास तथा नियमित गरिनेछ।

(३) पुरानो नक्सा नियमित गर्दा तथा नयाँ नक्सा पास गर्दा भैरहवा विशेष आर्थिक क्षेत्रको सिफारिस पत्र, लिजमा लिएको सम्झौता पत्र, जग्गा धनि प्रमाण पत्रको आधारमा नक्सा पास तथा नियमित गरिनेछ।

१४. **ढुङ्गा, गिट्टी, बालुवा, भष्कट, माटो आदि नदीजन्य पदार्थ तथा प्राकृतिक स्रोतको शुल्क** (१४१५७)

रोहिणी गाउँपालिका भित्रका नदी, बगर, नदी किनारा, निजी सम्पत्ति आदि क्षेबाट ढुङ्गा, गिट्टी, बालुवा,

भष्कट, माटो, मिष्कट आदि नदीजन्य पदार्थ तथा प्राकृति स्रोतको उत्खनन्, संकलन र विक्री गर्दा मु.अ.कर र अग्रिम आयकर बाहेक अनुसूची (१३) बमोजिम तथा लुम्बिनी प्रदेश ले तोकेबकोजिम कर लगाईनेछ।

१५. सेवा शुल्क, तथा दस्तुर (१४२१९)

रोहिणी गाउँपालिकाले वस्तु तथा सेवा प्रदान गरे वापत अनुसूची (१४) बमोजिम सेवा, शुल्क तथा दस्तुर लगाउने र असुलउपर गर्नेछ।

१६. व्यक्तिगत घटना दर्ता दस्तुर (१४२४४)/ **नाता प्रमाणित दस्तुर**(१४२४५)

रोहिणी गाउँपालिकाले जन्म मृत्यु बसाईसराई जस्ता व्यक्तिगत घटना संग सम्बन्धित दस्तुर लगाई असुलउपर गर्नेछ। गाउँपालिकाले अनसूचि (१५) बमोजिम व्यक्तिगत घटना दस्तुर तथा नाता प्रमाणित दस्तुर लगाउने र असुल उपर गर्नेछ।

१७. प्रशासनिक जरिवाना, विलम्ब शुल्क तथा पुरस्कार (१४३१२)

(१) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईनेछैन।

(२) गाउँपालिकाले अनुसूची (१६)बमोजिम जरिवाना, विलम्ब शुल्क लगाउने र असुलउपर गर्नेछ।

(३) नदीजन्य पदार्थ तथा निजि जग्गाको माटो उत्खनन्, विक्री तथा ओसारपसार कार्य गर्दा कानून अनुसार अनुमति नलिई अबैध रुपमा गर्ने कार्यलाई निरुत्साहित गर्न तथा आन्तरिक राजस्व बृद्धी सुराकी तथा सुरक्षाकर्मीलाई कार्यपालिकाले कार्यविधि वनाई उचित पुरस्कारको ब्यवस्था गर्नेछ।

१८. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि:

यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ।

१९. कर छुट तथा मिनाहा सम्बन्धी व्यवस्था

यस ऐन बमोजिम कर तिर्नुपर्ने दायित्व भएका कुनै पनि व्यक्ति वा संस्था लाई कर छुट दिइनेछैन। प्रचलित ऐन कानुनले छुट भनेका व्यक्ति/संस्थालाई लाई निर्णय गरेर कर छुट दिन सकिनेछ।

२०. नियम वा कार्यविधि बनाउने अधिकार/ बचाउ:

(१) ऐनको उद्देश्य पुरा गर्न गाउँपालिकाले आवश्यक नियम वा कार्यविधि बनाउन सक्नेछ।

(२ विभिन्न दफामा उल्लेखित कर, दस्तुर, सेवाशुल्क वा जरिवाना आदिमा कुनै शिर्षक छुटेको पाइएमा गाउँसभाले निर्णय गरी त्यस्तो शीर्षक थप गर्न तथा कर, दस्तुर, सेवाशुल्क, जरिवाना निर्धारण गरी असुलउपर गर्न सक्नेछ (३) यस ऐनको कुनै दफा तथा अनुसूचि संघीय सरकार, प्रदेश सरकारको ऐन प्रतिकूल भएमा प्रतिकूल भएको हदसम्म अमान्य हुनेछ । तत् ऐन अनुसार हुनेछ।

(३) यस आर्थिक वर्षमा गाउँसभा नहुदांसम्मको लागि कार्यपालिकाको निर्णय अनुसार असुल भएको राजस्व यसै ऐन बमोजिम असुल भएको मानिनेछ।

अनुसुची १

(दफा २ सँग सम्बन्धित)

सम्पत्ति कर/घर कर १४३१३

सि.नं	करयोग्य सम्पत्ति करको	बार्षिक दर
१	पाचँ लाख रुपैँया सम्मको मूल्याङ्कनमा	एक मुष्ठ रु.२५.(पचीस)
२	पाचँ लाख एक देखि दश लाख रुपैँया सम्म	प्रति लाख रु.१० (रु दश)
३	दश लाख एक देखि बिस लाख रुपैँया सम्म	प्रति लाख रु.१५ (रु पन्ध्र)
४	बिस लाख एक देखि तिस लाख रुपैँया सम्म	प्रति लाख रु.२० (रु बिस)
५	तिस लाख एक देखि चालिस लाख रुपैँया सम्म	प्रति लाख रु.२५ (रु पच्चिस)
६	चालिस लाख एक देखि पचास लाख रुपैँया सम्म	प्रति लाख रु.३० (रु तिस)
७	पचास लाख एक देखि पचहत्तर लाख रुपैँया सम्म	प्रति लाख रु.४५ (रु पैतलिस)
८	पचहत्तर लाख एक देखि एक करोड रुपैँया रुपैँया सम्म	प्रति लाख रु.६० (रु साठी)
९	एक करोड एक देखि एक करोड पचास लाख रुपैँया सम्म	प्रति लाख रु.७५ (रु पचहत्तर)
१०	एक करोड पचास लाख एक देखि दुई करोड रुपैँया सम्म	प्रति लाख रु.१०० (रु सय)
११	दुई करोड एक देखि तिन करोड रुपैँया सम्म	प्रति लाख रु.१२५ (रु एक सय पचिस)
१२	तिन करोड एक देखि चार करोड रुपैँया सम्म	प्रति लाख रु.१५० (रु एक सय पचास))
१३	चार करोड एक देखि पाँच करोड रुपैँया सम्म	प्रति लाख रु.१७५ (रु एक सय पचाहत्तर)
१४	पाँच करोड एक देखि माथि	प्रति लाख रु.२०० (रु दुई सय)

नोटः मूल्यांकन रकमलाई रु लाखमा मा (round figure) परिणत गरी करको दर निर्धारण हुनेछ।

पक्की घर

सि. नं	प्रकार	प्रति बर्गफुट मूल्याङ्कन दर	ह्रास कट्टी दर (प्रतिशतमा)	कैफियत
१.	आर.सि.सि.फ्रम स्टक्चर	५००	१	
२.	सिमेन्ट जोडाई इट्टा गारो र आर.सि.सि. छानो भएको	४००	२	
३.	माटाको इट्टा गारो र आर.सि.सि. छानो भएको	३००	३	
४.	सिमेन्ट जोडाई इट्टा गारो र जस्ता छानो भएको	३००	२	
५.	माटो इट्टा गारो र जस्ता छाना भएको	२००	३	
६.	सिमेन्ट जोडाई इट्टा गारो र टायल छानो भएको	२००	३	
७.	माटो इट्टा गारो र टायल छानो भएको	१००	५	

अनुसुचि २

(दफा ३ सँग सम्बन्धित)

भूमि कर (मालपोत) तथा घर जग्गा रजिष्ट्रेशन खरिद विक्रीको लागि जग्गाको मुल्याङ्कन

क्र.सं.	सबै किसिमको जग्गा	आ.व.२०८१/०८२	मुल्याङ्कन दर प्रतिलाख ५ रुपैया	कैफियत
२.	**साविक छिपागढ १-९ (जग्गा प्रतिकट्ठा)**			
क.	भैरहवा परासी सडकमा मोहडामा पर्ने	१३९२०००	६२	
ख.	भित्री पक्की सडक मोहडामा पर्ने	१०२५०००	४७	
ग.	ग्राभेल तथा कच्ची सडक मोहडामा पर्ने	५८५०००	२७	
घ.	खेती योग्य	१७६०००	८	
३.	**साविक धकधई १-९ (जग्गा प्रतिकट्ठा)**			
क.	धकधई बजार क्षेत्र भैरहवा परासी सडक मोहडामा पर्ने	३०७४५००	१४०	
ख.	धकधई बजार क्षेत्र भित्री सडक मोहडामा पर्ने	१६१००००	७४	
ग.	भैरहवा परासी सडक मोहडामा पर्ने	१९०३०००	८६	
घ.	धकधई केरवानी मुल सडक मोहडामा पर्ने	११७२०००	५३	
ङ.	भित्री पक्की सडक मोहडामा पर्ने	८७९०००	३९	
च.	भै.लु.भु.ज कच्ची सडक तथा पक्की सडकमा पर्ने	५८५०००	२६	
छ.	खेती योग्य	१७६०००	८	
४.	**साविक पजरकट्टी १-९(जग्गा प्रतिकट्ठा)**			
क.	भित्री पक्की सडक मोहडामा पर्ने	७३२६००	३३	
ख.	ग्राभेल तथा कच्ची सडक मोहडामा पर्ने	५१२६००	२३	
ग.	खेती योग्य	१६०६००	७	
५.	**साविक पोखरभिण्डी १-९(जग्गा प्रतिकट्ठा)**			
क.	भैरहवा परासी सडकमा मोहडामा पर्ने	१३१८०००	५९	
ख.	भित्री पक्की सडक मोहडामा पर्ने जग्गा	८०६०००	३६	
ग.	ग्राभेल तथा कच्ची सडक मोहडामा पर्ने	५१३०००	१९	

घ.	खेती योग्य जग्गा	१६१०००	७	
६.	**साविक पर्सा १-९ (जग्गा प्रतिकट्ठा)**			
क.	भित्री पक्की सडक मोहडामा पर्ने	८०६०००	३६	
ख.	ग्राभेल तथा कच्ची सडक मोहडामा पर्ने	५१३०००	१९	
ग.	खेती योग्य	१६१०००	७	
७.	**साविक बोदवार १-९(जग्गा प्रतिकट्ठा)**			
क.	भित्री पक्की सडक मोहडामा पर्ने जग्गा	७३३०००	३३	
ख.	ग्राभेल तथा कच्ची सडक मोहडामा पर्ने	४३९०००	१७	
ग.	खेती योग्य जग्गा	१६१०००	७	
८.	**साविक वगाहा १-९(जग्गा प्रतिकट्ठा)**			
क.	भित्री पक्की सडक मोहडामा पर्ने	११७२०००	५३	
ख.	भैरहवा वाइपास सडक मोहडामा पर्ने	१६१००००	७३	
ग.	ग्राभेल तथा कच्ची सडक मोहडामा पर्ने	७३३०००	३३	
घ.	खेती योग्य	१६१०००	७	

(नोटः सम्पति कर/भूमिकरमा जरिवाना पहिलो वर्ष २० प्रतिशत, त्यसपछि प्रतिवर्ष ५ प्रतिशतका दरले थप्ने र मूल्याङ्कन रकमको दोब्बरभन्दा बढी हुन नहुने।)

अनुसुची ३

(दफा ४ सँग सम्बन्धित)

घर/जग्गा बहाल ११३२१

गाउँपालिका क्षेत्रभित्रका घरधनीले उद्योग व्यवसाय तथा आवाश प्रयोजनको लागि सम्झौता गरी घर जग्गा बहालमा लगाएको अवस्थामा सम्झौता रकमको १० प्रतिशतका दरले घरबहाल कर बुझाउनु पर्नेछ।। यसरी घरबहाल कर हिसाब गर्दा तपसिलमा उल्लेखित न्युनतम दरले प्रति महिना प्रति कोठाको मुल्यांकन गरिनेछ।

हालको वार्ड नं.	कोठा विवरण	हुलाकी सडक दाया बायां बजार क्षेत्र	हुलाकी सडक दाया बायां अन्य क्षेत्र	भित्री पक्की तथा ग्राभेल बजार क्षेत्र	भित्री पक्की तथा ग्राभेल अन्य क्षेत्र	कैफियत
१-७	सटर कोठा	२०००	१६००	१२००	१०००	
१-७	अन्य कोठा	१०००	८००	६००	५००	

अनुसुची ४

(दफा ५ सँग सम्बन्धित)

बहाल बिटौरी कर ११३२२

गाउँपालिकाले सञ्चालन रेखदेख गर्नुपर्ने हाटबजार/ जग्गा तथा पोखरीहरुमा तपसील अनुसारका बहाल बिटौरी कर लगाइ असुल गरिनेछ।

क्र. सं.	विवरण	दर रु	क्र. सं.	विवरण	दर रु	क्र. सं.	विवरण	दर रु
१	पान, चुरोट, तमाखु, सुर्ती	२०।००	२६	फेन्सी पसल	५०।००	५१	हाँस कुखुरा परेवा प्रति गोटा	५।००
२	तरकारी	२५।००	२७	किराना पसल	४०।००	५२	बदाम, चना, ममफुली	२०।००
३	मीठाई	२५।००	२८	चामल, दाल, पिठो, सुजी विक्री गर्ने	२५।००	५३	गुवाडा	१०।००
४	तोरीको तेल	२०।००	२९	आइसक्रिम	२०।००	५४	सजाउने कागज	२०।००
५	कुखुराको मासु	६०।००	३०	अदुवा, लसुन, तामा तरकारी, मसला	२५।००	५५	धार लगाउने भाडा टाल्ने	१५।००
६	खसीको मासु	६५।००	३१	पाउरोटी	२०।००	५६	आलु, प्याज	२५।००
७	राँगो, सुगुर, बंगुर, मासु	६०।००	३२	नाङ्लो, कुचो, डोको भकारी, स्याखु सुपो नाम्लो	२५।००	५७	साइकलमा ल्याएको तरकारी थोक	२५।००
८	माछा, कछुवा	५५।००	३३	सिल्टी ढलोटका भाडा पसल	२५।००	५८	पोलेको मकै	१५।००
९	सिद्रा माछा	२०।००	३४	पित्तलका गहना	२०।००	५९	रेक्सामा ल्याएको तरकारी थोक	४०।००
१०	छाता, लाईट लाईटर जुत्ता, घडी मर्मत	२०।००	३५	खेल प्रर्दशनी	२०।००	६०	विउ आलु प्रति बोरा	१५।००

११	धातुको भाडा	२५।००	३६	मटर समोसा	३०।००	६१	जिप भ्यानमा ल्याएको तरकारी थोक	६५।००
१२	नाई कपाल काट्ने हजाम	२०।००	३७	लस्सी, दहि, चिया	२०।००	६२	विसाता	२५।००
१३	डोरी चुरा टिका आदी	२०।००	३८	खरबुजा, तरबुजा, काक्रो	२०।००	६३	भेली	१५।००
१४	सुन चादीका गहना	२०।००	३९	फोटा, पोष्टर	२०।००	६४	सुन्तला प्रति डोको	१५।००
१५	माटाका भाडा	१५।००	४०	कोक, फेन्टा, सोडा	२०।००	६५	खाद्य पदार्थ	२५।००
१६	लुगा सिलाउने	२०।००	४१	फलफुलका विरुवा र अन्य विरुवा	१५।००	६६	बेसार मात्र	१५।००
१७	जुत्ता चप्पल बेच्ने	२५।००	४२	तरकारीका विरुवा	१०।००	६७	माटाका भाडा	१५।००
१८	विउ विजन	१५।००	४३	फुलका माला, खेलौना	२५।००	६८	हरियो खुर्सानी मात्र	१५।००
१९	किताब	२०।००	४४	भुजा चिउरा	२०।००	६९	थोक व्यापारीले कर नतिरी भागेमा जरिवाना	९५।००
२०	फलफुल	३०।००	४५	कागती	१५।००	७०	आर्युवेदीक औषधीरजडिबुटी	१५।००
२१	अण्डा पसल	२५।००	४६	भुटुवा मासु	२५।००	७१	सिद्रा माछा	२०।००
२२	उखुको रस, जुस र दही	२५।००	४७	गहु धान तोरी मसुरो	२५।००	७२	लुगा सिलाउने	२०।००
२३	चाउमिन पकौडा जेरी म.म.	४०।००	४८	बर्सादी बेच्ने	१५।००	७३	तरकारि होलसेल	३५।००
२४	ताला, धागो	१५।००	४९	चटर, मटर फुल्की ठेला	३०।००	७४	उल्लेखित नभएका वस्तुहरु	रु २१ देखि रु ३० सम्म

२५	तयारी भ्होलाको पसल	३५।००	५०	घडी, रेडियो	२५।००			

क) ६ फुट लम्वाई र ६ फुट चौडाईलाई एउटा पसल मानिनेछ। ६ फुट भन्दा बढी ठाउँ प्रयोग गरेमा सम्बन्धित बैठकी र प्रयोग गरेको ठाउँको अनुपातमा थप बैठकी दस्तुर लाग्नेछ।

ख) पक्की सेडमा बस्ने व्यापारी संग प्रति सेड रु. ८० लाग्नेछ।

ग) पेटीको चोकमा बस्ने व्यापारीहरुले माथि उल्लेखित भएको बैठकी दस्तुरको डबल बैठकी तिर्नुपर्नेछ

घ) पोखरीको बहाल बिटौरी तीन/पाँच बर्षसम्मको लागि प्रतिकट्ठा प्रतिवर्ष रु. १०००० प्रति बर्ष १० प्रतिशतका दरले रकम बढाउदै लगिनेछ।

अनुसुची ५

(दफा ६ सँग सम्बन्धित)

गाउँपालिकामा दर्ता भई संचालन हुने सवारी साधन कर

क्र.सं.	वार्षिक सवारी कर	आ.व. २०८१/०८२	कैफियत
१.	अटो रिक्सा	२५०	
२.	ई रिक्सा	२००	
३.	ठेलागाडा तथा रिक्सा	१५।००	

अनुसुची ६

(दफा ७ सँग सम्बन्धित)

मनोरञ्जन कर

क) सिनेमा हलको प्रति टिकट रु. १०

ख) साँस्कृतिक प्रर्दशन हल, भिडियो, थियटर, संगित तथा मनोरञ्जन प्रर्दशन स्थलको प्रवेश शुल्क मा रु. ५ का दरले मनोरञ्जन कर लगाउने।

ग) जादु, सर्कस आदिमा प्रतिदिन रु. २०० र मासिक रु. १००००।- लगाउने।

घ) कुनै पनि संघ संस्थाबाट आयोजना हुने महोत्सव प्रर्दशनको प्रवेश शुल्कमा टिकटको ५% का दरले सो प्रर्दशन स्थलको रमाइलो मेला सर्कस यस्तै प्रकृतिका अन्य कार्यक्रम टिकट मुल्यको १०% का दरले।

अनुसुची ७

(दफा ८ सँग सम्बन्धित)

विज्ञापन करको दर (वार्षिक)

सि.नं	करको प्रकार	आ.व. २०८१/०८२
१.	ग्लो साइनबोर्ड डिपिएस वोर्ड/2D, 3D बोर्ड प्रति व.फु.	७०
२.	होडिङ्ग बोर्ड प्रति वर्ग फुट	६०
३.	फ्लेप्स वोर्ड प्रति व.फु.	५०

४.	भित्ते लेखन/ वाल पेन्ट विज्ञापन प्रति व.मि.	२०
५.	तुल ब्यानर प्रतिमिटर वार्षिक	५००
६.	पोल वोर्ड प्रति पोल मासिक (एक महिनाको लागि मात्र)	५००
७.	आफ्नो व्यवसायको पहिचानको लागि व्यवसाय स्थलमा राखेको साइन वोर्ड (३×१० वर्ग फिट) कर नलाग्ने	०

नोटः सुर्ती र मदिराजन्य पदार्थको विज्ञापनमा थप २५ प्रतिशत कर लाग्ने छ ।

अनुसुची ८

दफा ९ सँग सम्बन्धित)

(व्यवसाय कर (वार्षिक/पटक)

क.व्यवसाय दर्ता/ अभिलेखीकरण/ शुल्क

सि. नं	पूजिको आधारमा उद्योग/व्यवसाय	दर्ता/ अभिलेखीकरण शुल्क	नाम सारी/ठाउँसारी
१.	५ लाख सम्म चुक्ता पुँजी भएको	३००	२०००
२.	५ लाख १ देखि १० लाख सम्म चुक्ता पुँजी भएको प्रतिलाख थप	१०	
३.	१० लाख १ भन्दा बढी १ करोड सम्म चुक्ता पुँजी भएको प्रतिलाख थप	११	५०००
४.	१ करोड १ भन्दा माथि २० करोड पूँजी भएको प्रतिलाख थप	१५	
५.	२० करोड १ भन्दा माथि ५० करोड प्रतिलाख थप	२०	
६.	५० करोड भन्दा माथि प्रतिलाख थप	२५	

ख. व्यवसाय कर वार्षिक/पटक

क्र. सं	विवरण	क श्रेणी (५० लाख देखि माथि)	ख श्रेणी (३० लाख १ देखि ५० लाख सम्म)	ग श्रेणी (५ लाख १ देखि ३० लाख सम्म)	घ श्रेणी (५ लाख सम्म)
	क. अनुमति लिनुपर्ने व्यवसायहरु				
१.	**मदिरा उद्योग/व्यवसाय**				
१.१	डिस्टिलरी उद्योग	२००००	१५०००	१००००	५०००

१.२	वितरक	६०००	५०००	४०००	३०००
१.३	थोक बिक्री पसल	५०००	४०००	३५००	३०००
१.४	खुद्रा विक्री पसल	४०००	३०००	२५००	२०००
२.	**चुरोट, विडि र सुर्तीजन्य**				
२.१	वितरक	५०००	४५००	४०००	३५००
२.२	थोक पसल	३५००	३०००	२५००	२२००
२.३	खुद्रा पसल	२०००	१५००	१३००	११००
३.	**हल्का पेय पदार्थ**				
३.१	आईस बरफ उद्योग	५०००	४५००	३५००	२५००
३.२	सोडा पानी उद्योग/मिनरल वाटर उद्योग	३०००	२५००	१५००	१०००
३.३	थोक वितरक	२५००	२०००	१५००	११००
३.४	खुद्रा विक्रेता	१५००	१०००	८००	५५०
	ख. घरेलु उद्योग/ व्यवसाय				
४.	**सुन चाँदी पसल**				
४.१	सुन चादीको गहना बनाउने तथा विक्री गर्ने	६०००	५०००	४०००	३०००
५.	**भाँडा उद्योग/ किचन सामाग्री पसल/प्लाष्टिक सामाग्री पसल**				
५.१	टिनको बाकस र बाल्टिन	७०००	६०००	५०००	४०००
५.२	भाडाँ बनाउने उद्योग	६०००	५०००	४०००	३५००
५.३	प्लाष्टिक सामाग्री पसल	३५००	३०००	२५००	२०००
६.	**कुटानी पेलानी मिलहरु**				
६.१	फ्लावर मिल/ दाल मिल	१५०००	१२५००	१००००	८०००
६.२	सेलर मिल	४०००	३५००	२५००	२०००
६.३	कुटानी /पेलानी हलर समेत	२०००	१८००	१६००	१५००
६.४	चिउरा मिल	२५००	२०००	१६००	१५००
६.५	मसला मिल	२०००	१५००	१३००	११००
७.	**साइन वोर्ड आर्ट व्यवसाय**				
७.१	डिजिटल आर्ट	२५००	१५००	१३००	११००
७.२	अन्य आर्ट	१५००	१०००	८००	५५०
८.	**अन्य घरेलु व्यवसाय**				
८.१	सिलाइ सामाग्री पसल	१५००	१०००	८००	५५०।००

८.२	सिलाइ मेसिन मर्मत	१२००	८००	५००	३३०।००
८.३	जुत्ता उद्योग तथा सोरुम	८०००	६५००	५५००	४५००
८.४	जुत्ता सोरुम मात्र	३०००	२५००	२०००	१५००
८.५	जुत्ता मर्मत (अन्य उद्योग)	१५००	१०००	८००	५००
८.६	झाडु/चकटी उद्योग तथा चकटीको थोक र खुद्रा विक्रेता	२५००	२०००	१८००	१५००
८.७	विभिन्न कला/सिलाई प्रशिक्षण सेवा	२५००	२०००	१८००	१५००
	ग. उर्जामुलक उद्योग/व्यवसाय				
९.	**पेट्रोलियम पदार्थ वितरक**				
९.१	मुख्य सडक प्रति/ पम्प	५०००	४०००	३०००	२०००
९.२	भित्री सडक प्रति/ पम्प	४०००	३५००	२०००	१५००
९.३	प्रेटोलियम पदार्थ फुटकर	३०००	२०००	१५००	१०००
९.४	ग्याँस सिलिन्डर सब -डीलर	३५००	२०००	१५००	१२००
९.५	मट्टीतेल मात्र विक्री	२०००	१५००	१०००	५००
१०.	ऊर्जामुलक उद्योग				
१०.१	वायो ग्याँस उद्योग	१७०००	१४०००	१००००	५०००
१०.२	सौर्य शक्ति उत्पादन	२०००	१५००	१०००	८००
	घ. कृषि तथा वन पैदावारमा आधारित उद्योग/व्यवसाय				
११.	**एग्रोभेट पसल**				
११.१	एग्रोभेट पसल	५०००	३०००	२०००	१५००
१२	**प्लाई तथा ग्लास**				
१२.१	प्लाई तथा ग्लास उद्योग	२००००	१५०००	१००००	५०००
१२.२	थोक विक्रेता	३५००	३०००	२५००	२०००
१२.३	खुद्रा विक्रेता	२५००	२०००	१५००	१०००
१३.	**धागो टाँक पसल**				
१३.१	थोक विक्रेता	२०००	१५००	१२००	१०००
१३.२	खुद्रा विक्रेता	१५००	१२००	१०००	८००
१४.	**बनजन्य उद्योग, व्यवसाय/पसल**				
१४.१	स-मिल	५०००	४०००	३५००	३०००
१४.२	काठ विक्री डिपो	४०००	३५००	३०००	२५००

१४.३	काठको फर्निचर उद्योग र सोरुम	४५००	४०००	३५००	३०००
१४.४	काठको फर्निचर सोरुम	४०००	३५००	३०००	२५००
१४.५	बेत बाँस तथा ब्याम्बो सोरुम/ पर्दा, कार्पेट, प्लाष्टिक फर्निचर पसल	२५००	२२००	१८००	१५००
१५.	**कृषि तथा दैनिक उपभोग्य वस्तु**				
१५.१	ठूला उद्योग (दाल/चामल/मैदा/चिउरा उद्योग)	१५०००	७०००	५०००	३५००
१५.२	खाद्य सप्लायर्स/ गल्ला थोक	३५००	३०००	२५००	२२००
१५.३	खाद्यान्न किराना खुद्रा	१२००	१०००	७५०	५५०
१६.	**फलफुल पसल/तरकारी पसल**				
१६.१	फलफुल तथा तरकारी पसल	२०००	१५००	१२००	१०००
१७.	**कपडा तथा गार्मेन्ट उद्योग/ फेन्सी पसल/व्याग हाउस**				
१७.१	सिरक डसना उद्योग/ पसल	२२५०	२०००	१७५०	१५००
१७.२	गारमेन्ट पसल	१७५०	१५००	१२५०	१०००
१७.३	थोक विक्रेता	२०००	१५००	१३००	११००
१७.४	खुद्रा विक्रेता	१२००	१०००	७५०	५५०
१७.५	साडी कपडा घुम्ती पसल	७००	५००	२००	१००
१८.	**डेरि उद्योग/पसल**				
१८.१	डेरी उद्योग तथा विक्री पसल	२०००	१७००	१५००	१२००
१९	**उपभोग्य वस्तु उत्पादन उद्योग**				
१९.१	कुकिज, पाउरोटी, नुडल्स उद्योग	३२००	३०००	२५००	२०००
१९.२	दालमोठ उद्योग	२८००	२५००	२२००	२०००
१९.३	कन्फेक्सनरी उद्योग	२०००	१७००	१५००	१०००
१९.४	सुगर प्रशोधित गरि प्याकिङ्ग गर्ने उद्योग	१५०००	१००००	५०००	३५००
२०.	**पशुपंक्षी उद्योग पालन/ माछा मासु विक्री पसल**				
२०.१	पशु पंक्षी बधशाला/ चिस्यान केन्द्र	५०००	२५००	२०००	१५००
२०.२	पशुको छाला संकलन तथा विक्री	२०००	१५००	१३००	११००
२०.३	माछा/मासु विक्री पसल	२५००	२०००	१०००	५००
२०.४	बट्टाई खरिद विक्री तथा फुटकर विक्रेता	१७००	१५००	१३००	१०००

२०.५	फीड एण्ड पोल्ट्री सप्लायर्स/अण्डा सप्लायर्स	३०००	२५००	२२००	२०००
२०.६	कृषि/ पशु फर्म	२०००	१०००	७००	५००
२१.	**फुल विरुवा पसल**				
२१.१	नर्सरी	११००	९००	७००	५००
२१.२	फूल विक्री	८००	६००	५००	४००
	ङ. पूर्वाधार उद्योग/व्यवसाय				
२२.	**हार्डवयर/मेसिनरी/पेन्ट/स्यानीटरी/मार्वल पसल**				
२२.१	टायल/मार्वल/स्यनेटरी/ग्रेनाइट उपकरण उद्योग	३००००	२५०००	१५०००	५०००
२२.२	टायल, ब्लक, उद्योग	१००००	७०००	५०००	३०००
२२.३	कक्रीट ब्लक उद्योग	३५००	३०००	२५००	२०००
२२.४	ब्लक/टायल/मार्वल/स्यानेटरी उपकरण पसल	५५००	५०००	४५००	४०००
२२.५	गिट्टी वालुवा इटा समेत समावेश भएको हार्डवेयर पसल	१००००	७०००	५०००	३०००
२२.६	माटो/गिट्टी/वालुवा सप्लायर्स	४०००	३५००	३०००	२५००
२२.७	हार्डवेयर/पेन्ट पसल	५०००	४५००	३५००	३०००
२२.८	कवाडी पसल/कवाडी खरिद	४०००	३५००	३०००	२५००
२३.	**स्टिल आल्मुनियम उद्योग/पसल**				
२३.१	स्टील/ फलाम छड उद्योग	५००००	४००००	२५०००	१००००
२३.२	स्टील फलाम पाइप उद्योग	४००००	३००००	२५०००	१००००
२३.३	CPVC/HDEP/PVC लगायतका प्लाष्टिक उद्योग	३००००	२००००	१५०००	१००००
२३.४	आल्मुनियम उद्योग	२५०००	२००००	१५०००	१००००
२३.५	आल्मुनियम पसल	६५००	६०००	५५००	५०००
२३.६	आल्मुनियम को वेल्डिङ्ग गर्ने	५५००	५०००	४५००	४०००
२३.७	फलाम को वेल्डिङ्ग गर्ने	५०००	४५००	४०००	३५००
२३.८	बेल्डिङ मेशीन/टेक्टर मिस्त्री	२०००	१५००	१२००	१०००
२५.	**निर्माण व्यवसाय/परामर्शदाता**				

२५.१	विदेशी निर्माण व्यवसायी एवम् परामर्शदाता (INGO समेत)	११०००	११०००	११०००	११०००
२५.२	नेपाल सरकारबाट इजाजत प्राप्त क वर्गको ठेकेदार	१००००	१००००	१००००	१००००
२५.३	नेपाल सरकारबाट इजाजत प्राप्त ख वर्गको ठेकेदार	७०००	७०००	७०००	७०००
२५.४	नेपाल सरकारबाट इजाजत प्राप्त ग वर्गको ठेकेदार	६०००	६०००	६०००	६०००
२५.५	नेपाल सरकारबाट इजाजत प्राप्त घ वर्गको ठेकेदार	५०००	५०००	५०००	५०००
२५.६	राष्ट्रियस्तरका गैर सरकारी संस्था नाफामूखि (NGO)	३५००	३५००	३५००	३५००
२६.	**भवन निर्माण व्यवसायी**				
२६.१	मिक्सचर र सटरिङ्ग सामान भएको	३५००	३०००	२५००	२०००
२६.२	सटरिङ्ग सामान मात्र भएको	३५००	३०००	२५००	२०००
२६.३	क्रेन सेवा लोड अनलोड गर्ने	३०००	२५००	२०००	१५००
२७.	इट्टा उद्योग				
२७.१	ईटा उद्योग १/२ चिम्नी	१००००	७०००	५०००	३०००
२७.२	डिष्ट्रीव्युटर्स थोक पसल	४०००	३०००	२५००	२०००
२८.	**कोइला उद्योग/ संङ्कलन तथा भण्डारण**				
२८.१	कोइला उद्योग/प्रशोधन	५००००	४००००	३००००	२००००
२८.२	कोइला संकलन र भण्डारण	१००००	८०००	५०००	४०००
	च. पर्यटन उद्योग/ व्यवसाय				
२९.	**होटल /स्नुकर/पुल हाउस/ भोजनालय**				
२९.१	स्नुकर तथा पुल हाउस दुबै भएको	२५००	२०००	१५००	११००
२९.२	होटल, लज (उच्च कोटीका पर्यटन स्तरिय)	१५०००	१००००	७०००	५०००
२९.३	तारे होटल	५००००	३५०००	२००००	१००००
२९.४	तारे होटल (क्यासिनो सहितको)	१५००००	१०००००	८००००	७००००
२९.५	पुल हाउस/स्नुकर/स्केटिङ्ग/ फुटसल	१५००	१२००	१०००	८००
२९.६	रेष्टुरेन्ट (डान्सबार, दोहोरी साँझ समेत भएको)	१००००	७०००	५०००	३०००

२९.७	रेष्टुरेन्ट /क्याटोरिङ्ग	४०००	३०००	२५००	२०००
२९.८	पार्टि प्यालेस	७०००	५०००	४०००	३०००
२९.९	भोजनालय/ चिया कफि पसल/मिष्ठान्न पसल	१५००	१०००	७००	५००
२९.१०	चाट पसल	१०००	७००	५००	३००
	छ. सूचना प्रविधि/सञ्चार प्रविधि विद्युत मा आधारित उद्योग/व्यवसाय				
३०.	**इलेक्ट्रोनिक पसल – विद्युत सामाग्री**				
३०.१	विद्युतीय सामाग्री उत्पादन उद्योग	२००००	१५०००	१२०००	१००००
३०.२	कम्प्युटर/मोवाईल विक्री पसल	५५००	४०००	२५००	२०००
३०.३	इलेक्ट्रोनिक पसल	४०००	३०००	२५००	२०००
३०.४	कम्प्युटर/मोवाईल मेशिनरी सामान मर्मत गर्ने पसल	३०००	२५००	१५००	१०००
३१.	**अनुसन्धान कर्ता परामर्श दाता**				
३१.१	इन्जिनियरिङ्ग कन्सल्टेन्सी	७०००	७०००	७०००	७०००
३१.२	विमा एजेन्ट	१५००	१५००	१५००	१५००
३१.३	सर्भेयर	२०००	२०००	२०००	२०००
३१.४	नोटरी पब्लिक	१५००	१५००	१५००	१५००
३१. ५	पशु चिकित्सक	२०००	२०००	२०००	२०००
३१.६	शेयर दलाल/ ब्रोकर	३०००	२०००	१५००	११००
३१.७	ढुवानी तथा ट्रान्सपोर्ट	७०००	४०००	३०००	२२००
३२.	**संचार/ प्रविधि**				
३२.१	टेलिफोन, ट्रङ्कल, मोवाईल सेवा प्रदायक कम्पनी	२५००	२०००	१९००	१७००
३२.२	केवुल च्यानल प्रसारण/ एफ एम पत्रपत्रिका	१७००	१७००	१७००	१७००
३२.३	टुर्स एण्ड ट्राभल्स सेवा	२५००	२०००	१८००	१५००
३२.४	फोटोकपी, पि.सि.ओ.,साईवर तथा क्याफे	२५००	१५००	१२००	१०००
३२.५	कुरियर्स सेवा मुख्य कार्यालय	३५००	३५००	३५००	३५००
३२.६	कुरियर्स सेवा शाखा कार्यालय	१२००	१२००	१२००	१२००
	ज. सेवामूलक उद्योग/व्यवसाय				

३३.	**अस्पताल/स्वास्थ्य सेवा व्यवसाय**				
३३.१	गैर सरकारी अस्पताल तथा नर्सिङ होम/प्याथोलोजी/अक्यूपंचर सेवा	१००००	८०००	५०००	२५००
३३.२	एम आर आई, सिटि स्क्यान, अल्ट्रासाउण्ड क्लिनिक र पोलि क्लिनिक	१००००	७०००	६०००	५०००
३३.३	चश्मा पसल	१५००	१५००	१५००	१५००
३३.४	औषधि पसल (डाक्टर भएको)	४०००	३५००	३०००	२५००
३३.५	औषधि पसल (डाक्टर नभएको)	३०००	२५००	२०००	१५००
३४.	**आर्युवेदिक औषधि पसल**				
३४.१	आर्युवेदिक औषधि पसल	३०००	२५००	१५००	१२००
३५.	**स्टेशनरी तथा पुस्तक पसल**				
३५.१	स्टेशनरी सामान, पुस्तक खेलकुद पत्रपत्रिकाको सहितको पसल	३०००	२५००	२०००	१५००
३६.	**छपाइ तथा प्रकाशन/फोटो स्टुडियो**				
३६.१	अफसेट प्रेस	४०००	३०००	२५००	२०००
३६.२	साधारण प्रेस	२५००	२०००	१८००	१५००
३६.३	मुद्रण सामाग्री	१२००	१०००	८००	५००
३६.४	स्क्रिन प्रिन्ट प्रेस	३५००	३०००	२०००	१५००
३६.५	लेटर प्रिन्ट प्रेस	२०००	१५००	१२००	१०००
३६.६	कलर ल्याब सेवा/भिडियो मिक्सीङ्ग	२०००	१७००	१५००	१२००
३६.७	फोटो स्टुडियो	१५००	१२००	१०००	८००
३७.	**ड्राइक्लिनिक/सैलुन/कस्मेटिक पसल ब्युटी पार्लर**				
३७.१	थोक विक्रेता/ब्युटी पार्लर	३०००	२५००	२०००	१५००
३७.२	ब्युटी पार्लर सेवा, तालिम सहितको	२५००	२०००	१५००	११००
३७.३	कालिगढ सहितको सैलुन सेवा	१५००	१०००	७००	३३०
३७.४	ड्राइक्लिनिक सेवा	१५००	१०००	५००	३३०
३८.	**मोटर पार्टस तथा बोडि विल्डर्स**				
३८.१	सवारी साधनको सिट, हुट बनाउने बोडि विल्डर्स पसल	३०००	२५००	२०००	१५००
३८.२	मोटर/टेक्टर पार्टस विक्री	४०००	३५००	२५००	२०००

३८.३	मोटर साईकल मर्मत	४०००	३५००	२०००	१०००
३८.४	साइकल मर्मत	१०००	५००	२५०	२००
३९.	**सवारी साधन एजेन्सी तथा बिक्री पसल**				
३९.१	मोटरसाईकल उद्योग	२००००	१५०००	१००००	६०००
३९.२	बस,ट्रक, जिप, कार, भ्यान डिलर	११०००	८०००	६०००	५०००
३९.३	ट्रयाक्टर विक्री डिलर/ मोटर साईकल डिलर	५५००	४०००	३५००	३०००
३९.४	साईकल डिलर /रिकन्डिशन /टायर डिलर	३०००	२०००	१५००	१२००
३९.५	जनेरेटर डिलर	४०००	३०००	२०००	१५००
४०.	**विशेषज्ञ परामर्श तथा अन्य व्यवसायी सेवा**				
४०.१	कन्सल्टेन्ट डाक्टर	४५००	४५००	४५००	४५००
४०.२	मेडिकल अफिसर	३०००	३०००	३०००	३०००
४०.३	कविराज	१५००	१५००	१५००	१५००
४०.४	ल-फर्म तथा कानुन परामर्श	२५००	२५००	२५००	२५००
४०.५	लेखा परिक्षण (अन्य)	२०००	२०००	२०००	२०००
४०.६	डेन्टल होम सेवा	३०००	३०००	३०००	३०००
४०.७	अन्य परामर्श सेवा	४०००	४०००	४०००	४०००
४१.	**टेन्ट हाउस**				
४१.१	विजुली, डेकोरेसन, बैन्ड बाजा सहितको टेन्ट हाउस	३५००	३०००	२५००	२०००
४१.२	विजुली, डेकोरेसन सहितको टेन्ट हाउस	२५००	२०००	१७००	१५००
४१.३	विजुली डेकोरेसन रहित टेन्ट हाउस	१७००	१५००	१२००	१०००
४१.४	बैण्डबाजा	१७००	१४००	१२००	१०००
४२	**वित्तिय सेवा/बैङ्क तथा वित्तिय संस्थाहरु**				
४२.१	वाणिज्य बैंक मुख्य कार्यालय	२२०००	२२०००	२२०००	२२०००
४२.२	वाणिज्य बैंक प्रति शाखा कार्यालय	११०००	११०००	११०००	१०००००
४२.३	विकास बैंक मुख्य कार्यालय	७७००	७७००	७७००	७७००
४२.४	विकास बैंक प्रति शाखा कार्यालय	५५००	५५००	५५००	५०००
४२.५	फाइनान्स कम्पनी मुख्य कार्यालय	११०००	११०००	११०००	१०००

४२.६	फाइनान्स कम्पनी प्रति शाखा कार्यालय/ लघु वित्त कम्पनी	५५००	५५००	५५००	३०००
४२.७	विमा कम्पनीहरु	५५००	५५००	५५००	५५००
४२.८	मनी एक्सचेन्जर	१७००	१७००	१७००	१७००
४२.९	वित्तिय/ सहकारी संस्था	२०००	२०००	२०००	२०००
४३.	**शिक्षा सेवा**				
४३.१	संस्थागत क्याम्पस तथा उच्च मा.वि.	३०००	३०००	३०००	३०००
४३.२	संस्थागत मा.वि.	२०००	२०००	२०००	२०००
४३.३	संस्थागत नि.मा.वि.	१५००	१५००	१५००	१५००
४३.४	निजि प्रा.वि., पुर्व प्रा.वि.,छात्रवास, मन्टेश्वरी	१२००	१२००	१२००	१२००
४३.५	पोलि टेक्नीकल इन्टिच्युट, प्रशिक्षण समेत	२०००	२०००	२०००	२०००
४३.६	नर्सिङ्ग,सि.एम.ए.,एच.ए.,प्रशिक्षण समेत	३०००	३०००	३०००	३०००
४३.७	एजुकेसनल कन्सलटेन्सी सेवा	२५००	२५००	२५००	२५००
४३.८	कम्प्युटर इलेक्ट्रोनिक तालिम	२०००	२०००	२०००	२०००
४३.९	भाषा, शिक्षा, कोचिङ सेन्टर/सवारी चालक तालिम	१५००	१५००	१५००	१५००
४४.	**अन्य सेवा**				
४४.१	वैदेशिक रोजगार सेवा परामर्श दाता	३०००	३०००	३०००	३०००
४४.२	वैदेशिक रोजगार परामर्श सेवा शाखा कार्यालय	२०००	२०००	२०००	२०००
४४.३	सेवा परामर्श दाता	१४००	१४००	१४००	१४००
४४.४	श्रमिक सेवा परामर्श दाता	१७००	१७००	१७००	१७००
४४.५	सामान सहित श्रमिक सेवा परामर्श दाता	१७००	१७००	१७००	१७००
४४.६	सेक्रेटरियल सेवा मात्र	१३००	१३००	१३००	१३००

अनुसुची ९

(दफा १० सँग सम्बन्धित)

जडिबुटी, कवाडी र मृत जीवजन्तु कर (११६३२)

सि.न	राजस्व शीर्षकको विवरण	इकाई	दर
१.	खाली सिसि (बियर)/ फुटेको सिसा वा काँचका टुक्रा	प्रति गोटा	७५ पैसा

२.	खाली सिसि (मदिरा र अन्य) ५०० एम एल भन्दा बढी	प्रति गोटा	५० पैसा
३.	खाली सिसि (मदिरा र अन्य) ५०० एम एल भन्दा कम	प्रति गोटा	२० पैसा
४.	प्लास्टिक (बोतल, भाडाकुडा , पुराना जुत्ता चप्पल	प्रति केजि	७५ पैसा
५.	**खाली बोरा**		
५.१	५० के.जी. सम्म खाद्यान्न अटने प्लास्ट्रिक बोरा	प्रति गोटा	२० पैसा
५.२	५० के.जी. सम्म खाद्यान्न अटने जुटको बोरा	प्रति गोटा	२५ पैसा
५.३	१०० के.जी. सम्म खाद्यान्न अटने जुटको बोरा	प्रति गोटा	४० पैसा
६.	**तेलको टिन**		
६.१	१० के जी भन्दा बढी अटने	प्रति गोटा	रु.१।५०
६.२	१० के जी भन्दा कम अटने सानो	प्रति गोटा	७५ पैसा
७.	प्राकृतिक र कृत्रिम उनका टुक्रा	प्रतिकेजी	रु.१
८.	गार्मेन्टको कपडाको टुक्रा	प्रतिकेजी	रु१.५
९.	बलेको मोबिल	प्रतिलिटर	७५ पैसा
१०.	जुट र कार्पेटको टुक्रा	प्रतिकेजी	२० पैसा
११.	टायर ट्यूब		रु.१.०
१२.	थोत्रो टिन		४० पैसा
१३.	पुरानो ड्रम		४० पैसा
१४.	पुरानो कागज	प्रतिकेजी	रु.१.०
१५.	कापी किताब	प्रतिकेजी	रु.१.०
१६	पूरानो ब्याट्री	प्रतिकेजी	रु.३.०
१७	फूटेको सिसा वा काँचका टुक्राहरु	प्रतिकेजी	२५ पैसा
१८	**भुसको गाडी**		
१८.१	रोहिणी गाउँपालिकाबाट उत्पन्न	प्रति गाडी	रु.५००
१८.२	अन्य पालिकाबाट लोड भई आएका	प्रति गाडी	रु
१९	कोइलाको गाडी	प्रति गाडी	रु.१५००
२०	अखबार न्यूज प्रिन्ट		रु.१
२१	अन्य कागज (कार्टुन समेत)		रु.१
२२.	**धातुका टुक्राहरु र पत्रु भई काम नलाग्ने भएको धातु र सामानहरु**		
२२.१	फलाम		रु.१.५
२२.२	अन्य धातु (पित्तल , तामा, अल्मुनियम आदि,		रु.३

२२.३	थोत्रिएर काम नलाग्ने मेशिनरी औजार		रु.१.५
२३	पोलिथिन पाइपका टुक्राहरु		७५ पैसा
२४	सिसा (लिड) को धुलो र टुक्राहरु		रु.३.५
२५	प्रचलित कानूनले निषेधित गरे बाहेकको पंछीहरु जस्तै कुखुरा, हाँस र जस्ताहरु		रु.१.५
२६	**हाड सिंग खुर**		
२६.१	हाड		रु.१.
२६.२	सिंग खुर		रु.२
२७	छाला		रु.१
२७.१	छाला ठूलो		रु ३०।००
२७.२	छाला सानो		रु १५।००
२९	**अन्य काठ वन कार्यालयको चलानीको आधारमा**		
२९.१	गोलिया चिरान	प्रति ट्रक	३००
२९.२	गोलिया चिरान	प्रति ट्राली	१५०

अनुसुची १०

दफा ११ सँग सम्बन्धित)

अनुमति दस्तुर/प्रशासनिक सेवा शुल्क

सि.न	राजस्व शीर्षकको विवरण	इकाई	दर
१.	ट्रयाक्टर	प्रतिवर्ष	५०००
२.	टिप्पर र ट्रक	प्रतिवर्ष	७०००
३.	भारी उपकरण (लोडर/ब्याकलोडर)	प्रतिवर्ष	१२०००
४.	एक्साभेटर	प्रतिवर्ष	१२०००
५.	विभिन्न फर्म व्यवसाय निर्माण व्यवसायी सूचिकृत	प्रतिवर्ष	१०००
६.	सिलबन्दी दरभाउपत्र दस्तुर	प्रत्येक	१०००
७.	बोलपत्र दस्तुर २० लाख माथि २ करोड सम्म	प्रत्येक	३०००
८.	बोलपत्र दस्तुर २ करोड माथि १० करोड सम्म	प्रत्येक	५०००
९.	बोलपत्र दस्तुर १० करोड माथि २५ करोड सम्म	प्रत्येक	१००००
१०.	बोलपत्र दस्तुर २५ करोड माथि	प्रत्येक	२००००

अनुसुची ११

दफा १२ सँग सम्बन्धित)

पार्किङ शुल्क:(१४२४१)

क्र. स.	विवरण	शुल्क रु.	कैफियत
१	बस, ट्रक, लरी	३०	दैनिक प्रतिपटक (३ घण्टासम्म)
२	जिप,भ्यान, कार, अटोरिक्सा	२०	
३	मोटर साइकल, साइकल	१०	

अनुसुची १३

(दफा १२ सँग सम्बन्धित)

घर नक्सा पास दस्तुर

क्र. सं.	घरको बनावट	राजमार्ग तथा मुख्य बजार	अन्य पिच सडकमा	कच्ची तथा ग्रामीण सडकमा
१.	**आर.सि.सि. ढलान बनावट**			**प्रति वर्ग फिट**
१.१	नयाँ उद्योग, कलकारखाना, तारेहोटल, ब्यापारिक भवन	६	५	४
१.२	नयाँ आवासीय भवन	४	३.५	३
१.३	नया कम्पाउन्ड वाल प्रति फिट	२	२	२
१.४	तला थप गर्ने हकमा प्रति थप तलामा भुईतलाको प्रति वर्ग फिटमा रु १ थप गरि लाग्नेछ			
२	**पुराना अभिलेख/नियमित गर्ने दस्तुर(आर.सि.सि. ढलान /ट्रस)**			
२.१	पुरानो उद्योग, कलकारखाना, तारेहोटल, ब्यापारिक भवन	३	३	३
२.२	पुराना भवन अभिलेखिकरण तथा नियमित गर्ने	२.७५	२.५	२
२.३	पूरानो कम्पाउन्ड वाल प्रति फिट	१.७५	१.७५	१.७५
३	**इट्टा लगाई सिमेन्ट वा माटो मसला जोडाई गरि बनेको नयाँ**			
३.१	नयाँउद्योग, कलकारखाना, तारेहोटल, ब्यापारिक भवन	३.५	२.०	१.५
३.२	आवासीय भवन	२.००	१.००	०.५०
३.३	पुराना निजी, व्यवसायिक, औद्योगिक सेड, टहरा, टिनको छानाको गोदाम प्रति वर्ग फूट	१.५०	१.२५	१.००
४	**भैरहवा विशेष आर्थिक क्षेत्र भित्रको नक्सा पास दस्तुर**			
४.१	आर.सि.सि. ढलान बनावट नयाँ	४		
४.२	सेड, टहरा टिमको छानाको गोदाम नयाँ	१.५०		

४.३	आर.सि.सि. ढलान बनावटपुरानो	२.००		
४.४	सेड, टहरा टिमको छानाको गोदाम पुरानो	१.००		
४.५	रेखाङ्कन शुल्कप्रति प्लट	१०००		
५.	कच्चि घर गाउँपालिकाको अनुमति लिई बनाउनु पर्ने	५००		
६.	पुरानो कच्ची घरको अभिलेख नियमित गर्ने	५००		
७.	**नक्सा पास गर्दा रेखाङ्कन शुल्क**			
७.१	६५ वर्ग मिटरसम्म	५००		
७.२	६६ वर्ग मिटर देखि ९० वर्ग मिटरसम्म.	६००		
७.३	९१ वर्ग मिटर देखि ११५ वर्ग मिटरसम्म	१०००		
७.४	११६ वर्ग मिटर देखि माथी	२५००		
	८. नक्सा नाम सारी			
८.१	नक्सा नामसारी प्रति वर्ग फिट विक्री तथा अन्य प्रयोजन)	२		
८.२	बंशजको नाता भित्र नक्सा नाम सारी	२००		
९.	नक्सा सम्पन्न लिई गएपछि पुःन नक्सा प्रमाणित तथा नक्सा पास सम्पन्नको प्रतिलिपि लिन आएमा	५००		
१०.	**ट्रस र टिनको छाना भएको**			
१०.१	नयाँ उद्योग, कलकारखाना, तारे होटल, ब्यापारिक भवन	४.००	३.५०	३.००
१०.२	नयाँ आवासीय भवन	२.७५	२.५	२.०

नक्सापास गरिसकेपछि २ वर्ष भित्र निर्माण सम्पन्न गरिसक्नु पर्नेछ/ यदि सोही अवधि भित्र निर्माण सम्पन्न नभएमा नक्साको म्याद थप गर्दा पहिले लागेको दस्तुरको ५ प्रतिशत थप दस्तुर लिई पुन २ वर्षको लाग म्याद थप गरिनेछ।

अनुसुचि १३

(दफा १४ सँग सम्बन्धित)

ढुङ्गा, गिट्टी, बालुवा, भष्कट, माटो आदि नदीजन्य पदार्थको शुल्क

क्र.सं.	मालबस्तुको नाम	ईकाई	करको दर रु.
१	खोला नाला वाट निकालेको वालुवा, गिट्टी, भस्कट आदि	प्रति घनफुट	६
२	माटो (विक्री प्रयोजनको लागि)	प्रति घनफुट	३

अनुसूची १४

(दफा १५ संग सम्बन्धित)

व्यक्तिगत घटना दर्ता/नाता प्रमाणित/सिफारिस/अन्य दस्तुर

सि. नं.	विवरण	आ.व. २०८१/८२	कैफियत
१००	**व्यक्तिगत घटना दर्ता**		
१०१	व्यक्तिगत घटना दर्ता (३५ दिन पछिको)	२००	
१०२	व्यक्तिगत घटना दर्ता प्रतिलिपी	५००	
१०३	व्यक्तिगत घटना दर्ता प्रमाणित अभिलेख खोजेको दस्तुर	२००	
१०४	जन्म मिति प्रमाणित/ सिफारिस	२००	
२००	**नाता प्रमाणित दस्तुर**		
२०१	नाम, थर संसोधन सिफारिस	२००	
२०२	नाता प्रमाणित सिफारिस/नाता कायम सिफारिस	२००	
२०३	पारिवारीक विवरण सिफारिस	२००	
२०४	बसोवास प्रमाणित सिफारिस	२००	
२०५	नावालक सिफारिस/ जन्ममिति प्रमाणित सिफारिस	२००	
२०६	बैवाहिक सम्बन्धमा प्रमाणित सिफारिस	२००	
२०७	अविवाहित प्रमाणित सिफारिस	२००	
२०८	व्यक्ति प्रमाणित सिफारिस	२००	
२०९	सम्बन्ध विच्छेद सिफारिस	२००	
३००	**अन्य प्रशासनिक सेवा दस्तुर**		
३०१	निवेदन दस्तुर	२०	
३०२	नक्सापास किताव	७००	
३०३	नागरिकता फाराम	निःशुल्क	
३०४	प्रतिलिपि दस्तुर (A4 वा सो भन्दा सानो साइज)	५०	
३०५	प्रतिलिपि दस्तुर (A4 वा सो भन्दा ठुलो साइज	१००	
३०६	ट्रेस नक्सा निर्माण तथा प्रमाणित	१००	
	१. पहिलो १ कित्ता माग भएमा	५०	
	२. ट्रेस नक्सा प्रमाणित मात्र	१००	
	३. पहिलो १ कित्ता माग भएमा	२००	
	४. ट्रेस नक्सा १ कित्ता माग भएमा थप प्रति कित्ता	५०	

३०७	मिलापत्र दस्तुर प्रति विवाद	२००	
३०८	प्रतिलिपि दस्तुर (परिचयपत्र)	२००	
३०९	घर ब्लक दस्तुर		
	१.कच्ची घर	७५	
	२.पक्की घर एक तल्ले	१००	
	३.एक तला भन्दा बढी प्रति तला थप	१००	
	४.गाउँ ब्लक जग्गा धनि प्रमाण पुर्जा प्राप्तिको लागि सिफारिस प्रति १० धुर	२५०	
३१०	घरायसी लेनदेन कागजको रोहवर दस्तुर		
	१.एक लाख सम्मको	२००	
	२.त्यसपछिको प्रति लाखमा थप	५०	
३११	आय श्रोत प्रमाणित सिफारिस (विद्यार्थीलाई अध्ययन प्रयोजनका लागी ५०% छुटदिइनेछ।)	०.५%	
३१२	चल/अचल सम्पति मुल्याङ्कन सिफारिस (कुल सम्पतिको)	०.१०%	
३१३	अमिन सेवा शुल्क / प्रतिकित्ता		
	१.धकधई गा.वि.स.	२५००	
	२.छिपागढ गा वि स/ पजरकट्टी गा वि स/पर्सा गा वि स/ पोखरभिण्डी गा वि स/ बगाहा गा वि स/ बोधवार गा वि स	३०००	
	४.भैरहवा विशेष आर्थिक क्षेत्र प्रति प्लट	१०००	
४००	**सिफारिस दस्तुर**		
४०१	चारकिल्ला सिफारिस /प्रमाणित दस्तुर		
	१.चारकिल्ला प्रमाणित (बैकिङ्ग प्रयोजनको लागि) सिफारिस	५००	
	२.चारकिल्ला प्रमाणित (अन्य प्रयोजनको लागि) सिफारिस	३५०	
४०२	घर भएको/नभएको जग्गा खरिद बिक्री बकसपत्र, सट्टापट्टा आदि प्रयोजनको लागि मालपोत कार्यालय सिफारिस (मा.पो. मुल्याङ्कनको)	०.२५%	
४०३	जग्गा वालाको मृत्यूपछि नामसारी वा अंशवण्डा प्रयोजनको लागि मालपोत कार्यालयलाई गरिने सिफारिस	२५०	
४०४	नागरिकता (प्रतिलिपी) सिफारिस	निःशुल्क	
४०५	व्यवसाय दर्ता सञ्चालन सिफारिस	५००	
४०६	मदिरा व्यवसाय सिफारिस	११००	
४०७	स्वेदशको लागि सामान्य सिफारिस दस्तुर	२००	

४०८	पेन्सन पट्टा सिफारिस (स्वेदशी संस्थामा)	५००	
४०९	पेन्सन पट्टा सिफारिस (विदेशी संस्थामा)	३००	
४१०	विदेश सिफारिस अंग्रेजीमा प्रत्येक सिफारिस	३००	
४११	खानेपानी, विद्युत टेलिफोनजडान र नामसारी ठाउँसारी सिफारिस (आवासिय)	२००	
४१२	खानेपानी, विद्युत टेलिफोन जडान र नामसारी ठाउँसारी सिफारिस (व्यवसायिक)	२००	
४१३	ग्रेड सिट सच्याएको/ नाम सच्याएको प्रति विद्यार्थी	५००	
४१४	विद्यालय (विषय बिज्ञ सुचिकृत शिक्षक छनौट तथा अन्य सेवाका लागि) आधारभूत तह	१०००	
४१५	विद्यालय (विषय बिज्ञ सुचिकृत शिक्षक छनौट तथा अन्य सेवाका लागि) माध्यमिक तह	१५००	
४१६	विद्यालय तथा सामूदायिक सिकाई केन्द्रका लेखापरीक्षक सूचिकृत दस्तुर	१०००	
४१७	विभिन्न शैक्षिक सिफारिस तथा प्रमाणित दस्तुर	५००	
४१८	संघ/प्रदेश तथा अन्य निकायमा विभिन्न योजना माग सिफारिस	निःशुल्क	
४१९	औषधि उपचार तथा सहयोग माग सिफारिस/सामाजिक सुरक्षा भत्ता सम्बन्धि सिफारिस	निःशुल्क	
४२०	संघ/प्रदेश तथा अन्य निकायमा विभिन्न योजना माग सिफारिस	निःशुल्क	
४२१	सर्जमिन दस्तुर		
	१.अङ्गीकृतको नागरिकताको सिफारिस गर्दा	निःशुल्क	
	२.ठुलो उद्योग स्थापनाको लागि सर्जिमिन र सिफारिस गर्दा वडामा लाग्ने दस्तुर	१००००	
	३.मझौला उद्योग स्थापनाको लागि सर्जिमिन	५०००	
	४.साना उद्योग स्थापनाको लागि सर्जिमिन	२०००	
	५.अन्य प्रयोजनको लागि सर्जिमिन गर्दा	५००	

यस रोहिणी गाउँपालिका अन्तर्गत सञ्चालन भएका प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुको ल्याव शुल्क तपसील बमोजिम हुनेछ।

S.N	Test Name	Rate	S.N	Test Name	Rate
१	CBC with platelets	१५०	२२	LIPID PROFILE	५००
२	TC,DC,HB ,ESR	११०	२३	TOTALCHOLESTROL	१५०

३	TC,DC,HB	९०	२४	TRIGLYCERIDE	१५०
४	TC, DC	६०	२५	HDL CHOLESTROL	१५०
५	ESR	३०	२६	ALBUMIN/PROTEIN	२००
६	HB	५०	२७	AMYLASE	१५०
७	PLATELETS	५०	२८	MONTOUS TEST	१५०
८	BT/CT	६०	२९	WIDAL TITER	१००
९	ANC PACKAGE (CBC, BG, HIV, HBSAGVDRL, URINE, R/E,RBS)	३००	३०	RFT	५००
१०	SPTUM FOR AFB	FREE	३१	RA FACTOR	१५०
११	MP SLIDE/RBT	FREE	३२	C–RP TEST	२००
१२	BLOOD GROUPING	५०	३३	ASO TEST	१५०
१३	BLOOD SUGAR	५०	३४	VDRL	१००
१४	UREA	१५०	३५	TPHA	१५०
१५	URIC ACID	१५०	३६	HIV	FREE
१६	CREATININE	१५०	३७	HBSAG	१५०
१७	BILIRUBIN	१५०	३८	SEMEN ANALYSIS	१५०
१८	SGPT	१५०	३९	UPT	१००
१९	SGOT	१५०	४०	URINE R÷E	३०
२०	ALP	१५०	४१	STOOL R÷E	५०
२१	LFT	५००			

अनुसुचि १५

(दफा १६ सँग सम्बन्धित)प्रशासनिक जरिवाना, विलम्ब शुल्क तथा पुरस्कार (१४३१२)

विवरण		जरिवाना शिर्षक	आ.व. २०८१/८२	कैफियत
जरिवाना मालपोत बाहेक	पहिलो बर्ष बिलम्ब		५%	
	दोस्रो बर्ष बिलम्ब		१०%	
	तेस्रो बर्ष बिलम्ब		१५%	
	तिन वर्ष भन्दा जतिसुकै वर्षको		२०%	
पुनश्चः बक्यौता असुल गर्दा हालको दरमा नै हिसाब गरि असुल गरिने छ।				

१. पुरानो घरमा तला थप गर्दा गा.पा.मा नक्शा पेश नगरि निर्माण कार्य शुरु गरेमा	एकमुष्ठ	२५००	
२. अस्थायी तथा कच्ची घर बिना इजाजत निर्माण गरेमा जरिवाना रु.	एकमुष्ठ	५००	
३. नयां घर निर्माण गर्दा स्विकृत नक्शा बिपरित साईड मार्जिन ३ फिट भन्दा कम छोडी झ्याल, ढोका राखेको	एकमुष्ठ	१०००	
४. नयां घर निर्माण गर्दा स्विकृत नक्शा बिपरित बाटो तर्फ छाड्नुपर्ने सेटब्याक३ फिट भन्दा कम छोडी झ्याल, ढोका राखेमा	एकमुष्ठ	२०००	
५. नक्सापास नगरी घर निर्माण कार्य गरेमा	एकमुष्ठ	५०००	
६. माछा मासु पसलमापदण्ड विपरित विक्री गरेमा	एकमुष्ठ	५००	
७. अबैद्य उत्खनन् ओसारपसार गरेको पाईएमा रुपन्देही जिल्ला अनुगमन समिती को मितिः २०७९/०४/१० गतेको निर्णय अनुसार			
७.१ भारी उपकण प्रत्येक पटक (जे.सि.भि.,एक्साभेटर आदि)	ढुंगा गिट्टी	१५००००	
	भस्कट/ माटो	५००००	
७.२ टिप्पर, ट्रक / हाइवा	ढुंगा गिट्टी	५००००	
	भस्कट/ माटो	३००००	
७.३. ट्याक्टर	ढुंगा गिट्टी / भस्कट	३००००	
	माटो	१००००	

नोटः ढुंगा, गिट्टी, वालुवा, माटोको जरिवाना वापतको प्राप्त रकम बाट सम्बन्धित सुरक्षा कर्मीहरुलाई २५ प्रतिशत प्रोत्साहन दिइनेछ।

प्रमाणिकरण मितिः २०८१।०४।१६
प्रमाणिकरण
विद्या प्रसाद यादव
अध्यक्ष

रोहिणी गाउँपालिकाको विनियोजन ऐन, २०८१

सभाबाट स्वीकृत मिति :२०८१।०४।१६

रोहिणी गाउँपालिका, रुपन्देही को आर्थिक वर्ष २०८१/८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : रोहिणी गाउँपालिका, रुपन्देही २०८१/८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम रोहिणी गाउँपालिका, रुपन्देहीको गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "रोहिणी गाउँपालिका, रुपन्देहीको विनियोजन ऐन, " रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०८१/८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१)आर्थिक वर्ष २०८१/८२को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम १०,३९,०५,५५९.२० (अक्षेरुपी रुपैयाँ दश करोड उनान्चालिस लाख पाँच हजार पाँच सय उनन्साठी पैसा बिस मात्र।) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजन :** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/८२ को निमित्त रोहिणी गाउँपालिका, रुपन्देहीको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अ न्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

अनुसुची-१
